आर्थिक वर्ष २००६/०७ को भारतीय बजेटले नेपालको अर्थतन्त्रमा पार्नसक्ने सम्भाव्य प्रभावः एक अध्ययन

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
अनुसन्धान विभाग

फागुन २३, २०६२

विषयसूची

कार्यकारी सारांश १

समष्टिगत आर्थिक सिंहावलोकन ४
नेपाल र भारतको आर्थिक परिसूचकहरुको तुलनात्मक विश्लेषण ५
बजेटको झलक ९
बजेटको उद्देश्य १०
मुख्य प्राथमिकता ११
नीति तथा कार्यक्रमहरु ११
उत्पादनशील क्षेत्र ११
निर्माण तथा लगानी ११
कृषि १२
उद्योग १३
सेवा १४
पूर्वाधार १४
वित्तीय क्षेत्र १५
कृषि कर्जा १५
लघु वित्त कर्जा १५
बैंकिङ्ग, बीमा व्यवसाय र पेन्सन १६
पूँजी बजार १६
सरकारी वित्त १७
भन्सार १७
अन्तःशुल्क १८
प्रत्यक्ष कर १८
मूल्य अभिवृद्धि कर १९
बाह्य क्षेत्र १९
नेपाली अर्थतन्त्रमा भारतीय बजेटको प्रभाव तथा सुझावहरु २०
उत्पादनशील क्षेत्र २०
कृषि २०
उद्योग २१
सेवा २२
मूल्य २२
सरकारी वित्त २४
मौद्रिक क्षेत्र २६
बाह्य क्षेत्र २९

बक्स

बक्स नं. १ उच्च आर्थिक वृद्धिदरका आधारहरु ४
बक्स नं. २ आर्थिक वर्ष सन् २००६।०७ को भारतीय बजेटको गन्तव्य १०

चार्ट

चार्ट नं. १ वास्तविक कुल उत्पादन वृद्धिदर ७
चार्ट नं. २ कुल गार्हस्थ्य बचत ८
चार्ट नं. ३ आयात र निर्यातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ८
चार्ट नं. ४ विदेशी विनिमय संचिति तथा चालु खाता सन्तुलनको
कुल गार्हस्थ्य उत्पादनसगँको अनुपात ९
चार्ट नं. ५ यस आर्थिक वर्षको नेपाल र भारतका केही आर्थिक सूचकाङ्कहरुको तुलना १०

टेक्स्ट तालिका

तालिका नं. १ प्रमुख आर्थिक परिसूचकहरुको तुलनात्मक बृद्धिदर ६
तालिका नं. २ नेपाल र भारतको व्याजदर संरचना २६
तालिका नं. ३ नेपाल र भारतको मूल्य स्थिति २७

अनुसूची तालिका

तालिका नं. १ भारतीय बजेट २००६।०७ : एक झलक ३३
तालिका नं. २ नेपाल र भारतका केही आर्थिक परिसूचकहरुको तुलना ३४
तालिका नं ३ भारतको बाह्य क्षेत्रका केही परिसूचकहरु ३५
तालिका नं.४ भारतीय बजेटको भन्सार र अन्तःशुल्क महसुल समायोजनबाट नेपालको
उपभोक्ता मुद्रास्फीतिमा पर्नसक्ने सम्भाव्य प्रभाव ३६
तालिका नं. ५ नेपाल र भारतका बीच करका दरहरुको तुलनात्मक स्थिति ३७
तालिका नं. ६ नेपाल र भारत बीच करको संरचना ३८

कार्यकारी सारांश

१ भारतका संघीय अर्थमन्त्री श्री पी. चिदम्बरमले भारतीय संसदमा सन् २००६ फेब्रुअरी २८ (तदनुरुप २०६२ फागुन १६ गते) का दिन आर्थिक वर्ष २००६/०७ का लागि बजेट प्रस्तुत गर्नुभयो । उक्त बजेटले आर्थिक वृद्धिको रथमा सवार भएर समानतालाई साथी बनाई सामाजिक न्यायको गन्तव्यमा पुग्ने उद्देश्य लिएको छ र सो उद्देश्य हासिल गर्नका लागि सार्वजनिक वित्त नीतिका उपायहरुमा यथोचित परिवर्तन तथा समायोजन गर्ने प्रस्ताव राखेको छ ।

२ भारतीय अर्थतन्त्र विगत केही वर्षदेखि आर्थिक वृद्धिको शिखर आरोहणको क्रममा छ । भारतले सन् २००३/०४ र २००४/०५ मा क्रमशः ८.५ प्रतिशत र ७.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गऱ्यो भने आर्थिक वर्ष २००५/०६ मा सो आर्थिक वृद्धिदर बढेर ८.१ प्रतिशत पुग्ने अनमान गरेको छ । नेपालले आर्थिक वर्ष सन् २००३/०४ र २००४/०५ मा क्रमशः ३.५ प्रतिशत र २.३ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गऱ्यो । सन् २००५/०६ मा यो आर्थिक वृद्धिदर २.० प्रतिशतको हाराहारीमा रहने अनुमान गरिएको छ । औसत मूल्य वृद्धिदर भारतमा २००४/०५ मा ६.४ प्रतिशत रही सन् २००५/०६ मा ५-५.५ प्रतिशत रहने प्रक्षेपण गरिएकोमा नेपालमा २००४/०५ मा ४.५ प्रतिशत रही आ.व. २००५/०६ मा ८.० प्रतिशत पुग्ने अनमान गरिएको छ ।

३ प्रस्तुत बजेटको आकार रु ९० खर्ब २३ अर्ब ८६ करोड (भा.रु ५६ अर्व ३९ अर्व ९१ करोड) रहेको छ । प्रस्तावित बजेट चालू आर्थिक वर्षको संशोधित अनुमानभन्दा १०.९ प्रतिशतले बढी छ भने बजेट अनुमानभन्दा ९.७ प्रतिशतले बढी छ । कुल प्रस्तावित खर्चमा राजस्व व्ययको अंश ८६.६ प्रतिशत र पूँजीगत व्ययको अंश १३.४ प्रतिशत रहेको छ । कुल प्रस्तावित खर्चमध्ये राजस्व परिचालनबाट ७१.५ प्रतिशत, पूँजीगत तथा अन्य आम्दानीबाट २.१ प्रतिशत र बाँकी २६.४ प्रतिशत ऋण दायित्वबाट व्यहोरिने अनुमान गरिएको छ । भारतमा सन् २००४/०५ मा राजस्व घाटा, वित्तीय घाटा र प्राथमिक घाटा कुल गार्हस्थ्य उत्पादनको क्रमशः २.८ प्रतिशत, ४.४ प्रतिशत र - ०.१ प्रतिशत रहेका थिए भने सन् २००५/०६ मा ती अनुपातहरु क्रमशः २.९ प्रतिशत, ४.६ प्रतिशत र ०.५ प्रतिशत रहने संशोधित अनुमान रहेको छ । सन् २००६/०७ मा ती अनुपातहरु क्रमशः २.३ प्रतिशत, ४.१ प्रतिशत र ०.२ प्रतिशतमा ओर्लने प्रक्षेपण गरिएको छ । नेपालमा ती अनुपातहरु सन् २००४/०५ मा क्रमशः ४.४ प्रतिशत, ७.३ प्रतिशत र ६.० प्रतिशत रहेका थिए भने सन् २००५/०६ मा ती अनुपातहरु क्रमशः ४.८ प्रतिशत, ८.२ प्रतिशत र ६.८ प्रतिशतमा उक्लने अनुमान गरिएको छ ।

४ भारतले अर्थतन्त्रको समग्र उत्पादकत्व बढाई उच्च आर्थिक वृद्धिदर (लक्षित १० प्रतिशत) हासिल गर्न भौतिक तथा सामाजिक पूर्वाधार विकासमा जोड दिएको छ ।

५ मूलतः भारतीय बजेटले कृषि क्षेत्रको विकासका लागि सुलभ कर्जा आपूर्तिमा वृद्धि, कृषि ऋणमा व्याज अनुदान, कृषि बीमा व्यवस्था, सिंचाइ सुविधाको विकास, सूती कपडा उद्योगको प्रवर्द्धन, घरेलु उद्योगहरुको संरक्षण, पर्यटन प्रवर्द्धन, विद्युतीकरण, टेलिफोन, सडक विस्तार, सरकारी निजी साझेदारी (Public Private Partnership) को आधारमा पूर्वाधार परियोजनाहरुको सञ्चालन, क्रमशः पूँजी खाता परिवर्त्यतातर्फ गमन, एवं अनुसन्धान र विकास जस्ता पक्षहरुमा यथेष्ट जोड दिएको पाइन्छ ।

६ प्रस्तुत बजेटले राजस्व परिचालनको क्षेत्रमा केही महत्वपूर्ण कदमहरु चालेर आर्थिक कारोवारलाई प्रतिस्पर्धी बनाउने प्रयास गरेको छ । बजेटमा व्यक्तिगत एवं कर्पोरेट आयकरका दरहरुमा परिवर्तन गरिएको छैन । अन्य प्रत्यक्ष करहरुमा सामान्य परिवर्तन मात्र गरिएको छ । अप्रत्यक्ष करका दरहरुमा भने उल्लेख्य परिवर्तन गरिएका छन् । बजेटले केही अपवाद्वाहेक सबै आयातीत वस्तुहरुमा ४ प्रतिशत समीकारक शुल्क (countervailing duty) लगाउने घोषणा गरेको छ । तथापि नेपाल- भारत वाणिज्य सन्धिले नकारात्मक सूचीमा रहेका तीन वस्तु (मदिरा, चुरोट र अत्तर) वाहेक नेपालबाट निकासी हुने सबै वस्तुलाई भन्साररहित प्रवेश सुविधा दिने भनिएकोले यसले भारततर्फ हुने निर्यातमा खासै असर पार्ने देखिँदैन ।

७ भारतमा आर्थिक वृद्धिदर उच्च रहेकोले बैंक कर्जा पनि उच्च दरमा वृद्धि हुने गरेको छ । तसर्थ व्याजदर पनि तुलनात्मक रुपले उच्च कायम रहेको देखिन्छ । नेपालमा समष्टिगत माग शिथिल रहेको तर निजी क्षेत्रको विप्रेषण आप्रवाहमार्फत सिर्जित अधिक तरलताको स्थितिले गर्दा प्रचलित व्याजदर भारतको भन्दा न्यून रहने देखिन्छ । दीर्घकालसम्म उच्च व्याजदर फरक रहे नेपालबाट भारततर्फ पूँजी पलायनको सम्भावना रहने देखिन्छ । नेपालको व्याजदर भारतको भन्दा दीर्घकालसम्म न्यून रहन नदिने कार्य नेपालको मौद्रिक व्यवस्थापनको लागि चुनौतीपूर्ण रहने देखिन्छ ।

८ भारतले क्रमशः पूँजी खाता खोल्ने नीति लिएको र यही रफ्तार कायम रहे भारतले आगामी ३/४ वर्ष अर्थात सन् २०१० भित्र पूँजी खाता पूर्ण रुपले खोल्ने संभावना रहेकोले नेपालले यस संवन्धमा पूर्वाभ्यास थाल्नुपर्ने देखिन्छ । भारतीय आर्थिक वृद्धिको फाइदा लिनको लागि पनि क्रमशः पूँजी खाता परिवर्त्यता तर्फ उन्मुख हुनु मनासिव देखिन्छ । यसले गर्दा व्याजदरमा स्वतः संतुलन कायम हुन गई पूँजी पलायनको समस्या समेत समाधान हुने अपेक्षा राख्न सकिन्छ ।

९ भारतमा गरिने आर्थिक सुधारले स्वभावतः नेपाली अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने गरेको छ । भारतमा हुने उच्च आर्थिक वृद्धिले नेपालमा लगानी बढाउने र नेपाली वस्तु तथा सेवाको माग बढाउन सहयोग पुऱ्याउँछ । यसले अर्थतन्त्रको समग्र वृद्धिमा सकारात्मक प्रभाव पार्ने गर्दछ । तर नेपाली ग्रामीण क्षेत्रमा भारतको तुलनामा पूर्वाधारहरुको विकास हुन नसकेको, कृषि क्षेत्रमा अनुदानको व्यवस्था हटाइएको, कृषि ऋण, सिंचाई आदिको विकास पर्याप्त रुपमा हुन नसकेकोले गर्दा नेपाली कृषि क्षेत्रमा प्रतिकूल असर पर्ने देखिन्छ । तसर्थ ग्रामीण पूर्वाधार विकास, कृषि क्षेत्रको विकासको

लागि सिंचाई, सुलभ कृषि ऋण, अनुदान, प्रविधि, सामग्री आपूर्ति, बजार व्यवस्थापन आदि विषयमा सशक्त नीति तथा कार्यक्रमहरु ल्याइनु जरुरी छ ।

१० यस बजेटले कपडा तथा पोशाक उद्योगको विकासलाई प्राथमिकता दिदै सफलतापूर्वक कार्यान्वयन भइरहेको Technology Upgradation Fund Scheme को लागि थप बजेटको व्यवस्था गरेको छ । अक्टोबर २००५ देखि शुरु गरिएको Integrated Textiles Parks Scheme अन्तर्गत ७ वटा पार्कहरु स्वीकृत भइसकेका छन् भने अरु १० वटा पार्कहरु विकास गर्नको लागि पहिचान गरिसकिएको छ । नेपालले कपडा उद्योगको विकासको लागि कुनै खास कदम चालेको देखिदैन । देशमा विद्यमान आन्तरिक द्वन्द्व तथा जनवरी १, २००५ देखि विशेष ग्राह्य प्रणाली अन्तर्गतको कोटा प्रणालीको अन्त्य भएको कारण गत वर्ष र चालू आर्थिक वर्षमा तयारी पोशाकको निर्यात व्यापक दरले घटेको छ । तयारी पोशाकको उत्पादन लागत घटाउन वीरगञ्जमा तयारी पोशाक प्रशोधन क्षेत्र स्थापना गर्ने निर्णय भई ५२५ एकड जमिन खरिद गरिएको छ । यो प्रशोधन क्षेत्र चाँडै नै संचालनमा ल्याउन आवश्यक भएको छ । त्यसैगरी, अहिले अमेरिकी संसद्मा १४ वटा अतिकम विकसित मुलुकहरुलाइ भन्सार तथा कोटारहित बजार उपलब्ध गराउने सम्बन्धमा छलफल भइरहेकोले अमेरिकी सरकारसँग लबिङका लागि श्री ५ को सरकारले प्रभावकारी पहल गर्नु

बढी ४६ अर्व अमेरिकी डलर र आर्थिक वर्ष २००५/०६ को प्रथम ६ महिनामा ७५ प्रतिशतले बढी ३२ अर्व ८० करोड अमेरिकी डलर पुगेको छ । त्यसैगरी IT software तथा सेवाको विश्व बजारमा भारतको अंश २००३/०४ मा १.७ प्रतिशतबाट बढेर २००४/०५ मा २.३ प्रतिशत पुगेको छ ।

१२. विगत केही वर्षदेखि बचतमा रही आएको भारतको चालू खाता आर्थिक वर्ष २००४/०५ देखि घाटामा रहन गएको छ । आयातमा भएको अत्याधिक वृद्धिका कारण आर्थिक वर्ष २००५/०६ को प्रथम ६ महिनामा भारतको चालु खाता घाटा १२ अर्व ९६ करोड अमेरीकी डलर पुगेको छ । तथापि बैदेशिक लगानी आप्रवाहमा आएको उच्च वृद्धिले गर्दा यस अवधिमा चालू खाताको घाटा पूर्ति भई ६ अर्व ५० करोड डलरको खुद शोधनान्तर बचत समेत सृजना भएको छ ।

चार्ट नं. ४





१३. नेपालको परिप्रेक्ष्यमा व्यापार घाटाको स्तर उच्च रहेतापनि निजी क्षेत्रको विप्रेषण आप्रवाह उल्लेख्य रुपले बढ्ने क्रम कायमै रहेकोले विगत केही वर्षदेखि चालु खाता तथा शोधनान्तर दुवै बचतमा रहँदै आएका छन् । यस आर्थिक वर्षको अन्त्यसम्ममा आयात तथा निर्यात दुवैमा वृद्धि हुने तर आयातको वृद्धिदर निर्यातको भन्दा अधिक रही व्यापार घाटामा विस्तार आउने अनुमान गरिएको छ । तथापि निजी क्षेत्रको विप्रेषण आप्रवाह उल्लेख्य रुपले बढी यस वर्ष पनि चालु खाता र समग्र शोधनान्तर स्थिति अनुकुल रहने अनुमान गरिएको छ ।

बजेटको झलक

१४. भारतका अर्थमन्त्री श्री पी. चिदम्बरमले भारतीय संसदमा सन् २००६ फेब्रुअरी २८ तदनुरुप २०६२ फागुन १६ गते आर्थिक वर्ष २००६/०७ का लागि प्रस्तुत गर्नुभयो । उक्त बजेटको आकार रु ९० खर्ब २३ अर्ब ८६ करोड (भा.रु ५६ अर्व ३९ अर्व ९१ करोड) रहेको छ । प्रस्तावित बजेट चालू आर्थिक वर्षको संशोधित अनुमानभन्दा १०.९ प्रतिशतले बढी छ भने बजेट अनुमानभन्दा ९.७ प्रतिशतले बढी छ । कुल प्रस्तावित खर्चमा राजस्व व्ययको अंश ८६.६ प्रतिशत र पूँजीगत व्ययको अंश १३.४ प्रतिशत

रहेको छ । कुल प्रस्तावित खर्चमध्ये राजस्व परिचालनबाट ७१.५ प्रतिशत, पूँजीगत तथा अन्य आम्दानीबाट २.१ प्रतिशत र बाँकी २६.४ प्रतिशत ऋण दायित्वबाट व्यहोरिने अनुमान गरिएको छ । आर्थिक वर्ष सन् २००६।०७ मा कुल वित्तीय घाटा चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको ४.६ प्रतिशतबाट ४.१ प्रतिशतमा झर्ने अनुमान गरिएको छ भने राजस्व घाटा[२] कुल गार्हस्थ्य उत्पादनको २.९ प्रतिशतबाट २.३ प्रतिशतमा झर्ने अनुमान छ । त्यस्तै, प्राथमिक घाटा[३] कुल गार्हस्थ्य उत्पादनको ०.५ प्रतिशतबाट आगामी आर्थिक वर्षमा ०.२ प्रतिशतमा झर्ने अनुमान रहेको छ । नेपालमा ती अनुपातहरु सन् २००४/०५ मा क्रमशः ४.४ प्रतिशत, ७.३ प्रतिशत र ६.० प्रतिशत रहेका थिए भने सन् २००५/०६ मा ती अनुपातहरु क्रमशः ४.८ प्रतिशत, ८.२ प्रतिशत र ६.८ प्रतिशतमा उक्लने अनुमान गरिएको छ ।

चार्ट नं ४

यस आर्थिक वर्षको नेपाल र भारतका केही आर्थिक सूचकाङ्कहरुको तुलना



बजेटको उद्देश्य

१५. प्रस्तुत भारतीय बजेटको मुख्य उद्देश्य आर्थिक वृद्धि, समानता र सामाजिक न्याय रहेका छन् ।

बक्स नं. २
आर्थिक वर्ष सन् २००६/०७ को भारतीय बजेटको गन्तब्य

भारतीय वित्त मन्त्री पी. चिदम्बरमले आर्थिक वर्ष सन् २००६/०७ को बजेटको मुख्य उद्देश्य सटीक तरीकाले "उच्च आर्थिक वृद्धिलाई सवारी, समानतालाई साथी र सामाजिक न्यायलाई लक्ष्य" को रुपमा प्रस्तुत गर्नुभएको छ । अंग्रेजी भाषामा वहाँले प्रस्तुत गर्नुभएको बजेटको गन्तव्य यसप्रकार छ : "Growth will be our mount, equity will be our companion, and social justice will be our destination."

स्रोत : सन् २००६/०७ को भारतीय बजेटको बुँदा नं. ५ को अन्तिम वाक्य

[२] राजस्व घाटा = आयगत खर्च - आयगत राजस्व

[3] प्राथमिक घाटा = वित्तीय घाटा - व्याज भुक्तानी

मुख्य प्राथमिकता

१६. National Common Minimum Programme को खाकाभित्र रहेर आर्थिक वर्ष २००६।०७ को बजेटमा निम्न चार प्राथमिकताहरु निर्धारण गरिएका छन् :

- कृषि
- रोजगारी अभिवृद्धि
- लगानी प्रवर्द्धन
- पूर्वाधार विकास

नीति तथा कार्यक्रमहरु

१७. उपरोक्त प्राथमिकता बमोजिमका परिणामहरु प्राप्त गर्न बजेटमा निम्न नीति तथा कार्यक्रमहरुको घोषणा गरिएको छ :

उत्पादनशील क्षेत्र

निर्माण तथा लगानी

१८. भारतले गत वर्षदेखि विकासको पूर्वाधार निर्माण मार्फत् ग्रामीण क्षेत्रमा आधारभूत सुविधा विस्तार गर्नका लागि **"भारत निर्माण"** कार्यक्रमको माध्यमवाट सन् २००९ सम्ममा सम्पन्न गर्ने गरी ६ वटा क्षेत्रहरुमा ठूलो परिमाणका निर्माण कार्यक्रम राखेकोमा पहिलो वर्षमा ६ लाख हेक्टर जमिनमा सिंचाई सुविधा विस्तार भईसकेको ४७ हजार ५४६ वस्तीहरुमा ग्रामीण खानेपानी पुऱ्याइएको, ५,३३७ वस्तीहरु ग्रामीण सडकद्वारा जोडिएको, ८ लाख ७० हजार ग्रामीण क्षेत्रमा नयाँ घरहरु निर्माण भएको, १० हजार ३६६ गाऊँमा विद्युतिकरण गरिएको र १७ हजार १८२ थप गाउँमा टेलिफोन सुविधा उपलब्ध गराइएको ब्यहोरा उल्लेख गरिएको छ ।

१९. भारतमा हाल पूर्वी एशियाली मुलुकहरु एवं चीनकै स्तरको लगानीको दर कायम भएको तथा लगानी बढाउनका लागि सन् २००६।०७ मा सरकारी संस्थानहरुमा रु. १९ खर्व ६४ अर्व ११ करोड २० लाख (भा.रु. १२ खर्व २७ अर्व ५७ करोड) लगानी गरी भारतलाई Gems / Jewelery को निर्यात केन्द्रको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ । साथै, प्रस्तुत बजेटले भारतलाई कपडा, सवारी साधन, स्टिल, धातु, लगायत पेट्रोलियम पदार्थको क्षेत्रमा अन्तर्राष्ट्रिय निर्माण केन्द्र वनाउने लक्ष्य लिएको छ ।

२०. प्रत्यक्ष विदेशी लगानी भित्र्याउन भारतले सन् २००४।०५ मा पारदर्शी तथा खुलापनको नीति अंगिकार गरेको थियो । अव केही तोकिएका क्षेत्र वाहेक अन्य क्षेत्रहरुमा १०० प्रतिशतसम्म विदेशी लगानी भित्र्याउन स्वीकृति दिइसकेको छ । भारतले लिएका

नीतिहरुमा घरेलु हवाई क्षेत्रमा ४० प्रतिशतवाट ४९ प्रतिशत पुऱ्याइएको र (Non Resident Indians (NRI) को हकमा १०० प्रतिशतसम्म FDI गर्न सक्ने, शहरी विकास, घर निर्माण, तथा पूर्वाधार निर्माण, विकास परियोजना निर्माणमा १०० प्रतिशत Automatic route बाट FDI गर्न दिइने, आधारभूत टेलिफोन तथा सेलुलर फोनमा ४१ प्रतिशतवाट बृद्धिगरी ७४ प्रतिशत पुऱ्याइएको, FM रेडियोमा २० प्रतिशतसम्म FDI सुविधा पाउने आदि प्रमुख छन् । भारतीय रिजर्भ बैंकबाट स्वीकृत लिएर गर्न सकिने अन्य कृयाकलापहरुमा भारतीय कम्पनीको शेयर नागरिकवाट गैर नागरिक हस्तान्तरण गर्न सकिने, loan लाई equity मा परिणत गर्न सकिने, क्षेत्रगत सीमा भित्र रहेर अग्राधिकार शेयरलाई साधरण शेयरमा परिणत गर्न सकिने आदि छन् । सन् २००५ को अवधिमा मात्र भारतले ४ अर्ब डलर वरावरको प्रत्यक्ष वैदेशिक लगानी भित्र्याएको थियो । सन् २००४ र २००५ मा FDI बृद्धि दर क्रमशः २५ प्रतिशत र ३३.८ प्रतिशत भएतापनि Global FDI मा भारतको अंश अझै पनि १ प्रतिशतको हाराहारीमा मात्र रहेको छ ।

कृषि

२१. भारतले कृषि क्षेत्रको विकासलाई विशेष प्राथमिकता दिदै प्रस्तुत वजेटले भरपर्दो सिंचाई सुविधा, कृषि कर्जा, विविधिकरण तथा कृषि वजारको सृजनालाई Thrust Areas को रुपमा आत्मसात् गरेको देखिन्छ । विगत केही वर्षयता भारतीय कृषि प्रणालीमा विविधिकरण बढ्दै गएको कारण फलफूल, तरकारी, जैविक खेती, पुष्प व्यवसाय, जेनेटिक इन्जिनियरिङ्ग, खाद्य प्रशोधन आदिलाई कृषिको सम्भाव्य क्षेत्रको रुपमा पहिचान गरिएको छ ।

२२. सिंचाइका लागि सन् २००५।०६ को लागि छुट्याइएको रु. ७२ अर्व (भा.रु. ४५ अर्व) वाट २५ आयोजनाहरु सम्पन्न भई ६ लाख हेक्टर भन्दा बढी भू–भागमा सिंचाई सुविधा उपलव्ध भएकोमा बजेटले आगामी वर्ष यसको विकासमा थप रु. १ खर्व १३ अर्व ९३ करोड ६० लाख (भा.रु. ७१ अर्व २१ करोड) विनियोजन गर्ने लक्ष्य लिएको छ । यसमध्ये अनुदानको अंश रु. ३७ अर्व ६० करोड (भा रु.२३ अर्व ५० करोड) (३३ प्रतिशत) रहेको छ । त्यस्तै, पुराना सिंचाई आयोजनाहरुको मर्मत, नविकरण एवं जिर्णोध्दार कार्यक्रमको लागि रु. ७१ अर्व ६९ करोड ६० लाख (भा.रु. ४४ अर्व ८१ करोड) छुट्याइएको छ ।

२३. प्रस्तुत वजेटले कृषकहरुलाई राहत प्रदान गर्न विभिन्न कार्यक्रमहरु सार्वजनिक गरेको छ । वाणिज्य बैंक, सहकारी बैंक तथा ग्रामीण विकास बैंक मार्फत् आगामी वर्षमा कृषि कर्जा थप २३.७ प्रतिशतले बृद्धि गरी रु.२८ खर्व (भा.रु १७ खर्व ५० अर्व) पुऱ्याउने लक्ष्य लिनुका साथै थप ५० लाख कृषकलाई Portfolio मा समेट्न बैंकहरुलाई अनुरोध गरिएको छ । यस्तो कर्जाको निश्चित अंश भूमिविहीन कृषकहरुलाई उपलव्ध गराइने छ । त्यसैगरी, कृषकहरुलाई राहत प्रदान गर्नका लागि किसानले रु. १ लाख ६० हजार (भा.रु. १ लाख) सम्म लिएको सांवा ऋणमा लाग्ने व्याजदरको २ प्रतिशत विन्दु

वरावरको रकम आगामी मार्च ३१,२००६ भित्र सम्वन्धित किसानको खातामा जम्मा गरिदिने व्यवस्था गरिएको छ । कृषकहरुलाई सहुलियत दरमा अल्पकालीन ऋण उपलव्ध गराउन NABARD मार्फत सहकारी संस्था, र क्षेत्रीय ग्रामीण विकास बैंकहरुको माध्यमवाट रु.४ लाख ८० हजार (भा.रु. ३ लाख) सम्मको अल्पकालीन कृषि ऋण लिंदा ७ प्रतिशत व्याजदरमा ऋण उपलव्ध गराउने व्यवस्था गरिएको छ । ग्रामीण पूर्वाधार विकास कोष अन्तर्गत ग्रामीण क्षेत्रमा पूर्वाधार विकासका लागि रु. १६ अर्व (भा.रु. १० अर्व) छुट्याइएको छ भने भारत निर्माण योजनामार्फत ग्रामीण सडकका लागि रु. ६४ अर्व (भा.रु. ४० अर्व) को कोष खडा गरिएको छ । वजेटमा कृषि वीमा योजनालाई निरन्तरता दिइएको छ ।

२४. चिया वगानको विकासको लागि बजेटले एक दीर्घकालीन कोषको प्रस्ताव गरेको छ जस अन्तर्गत replantation, rejuvenation कार्यक्रमको लागि रु. १ अर्व ६० करोड (भा.रु. १ अर्व) विनियोजन गरेको छ । फलफूल तथा तरकारी खेतीको प्रवर्द्धन गर्न वजेटले देशका विभिन्न भागमा सरकारी निजी साझेदारी (PPP) नमुनामा आधारित आदर्श टर्मीनल बजार स्थापना गर्ने जनाएको छ । यस उद्देश्य प्राप्तिको लागि राष्ट्रिय वागवानी कार्यक्रम अन्तर्गत रु. २ अर्व ४० करोड (भा रु. १ अर्व ५० करोड) विनियोजन गरिएको छ । यसलाई व्यवस्थित गर्न नागाल्याण्डमा केन्द्रीय वागवानी संस्थान स्थापना गरिने छ । साथै, माछापालन व्यवसायलाई प्रवर्द्धन गर्न राष्ट्रिय माछापालन विकास वोर्ड गठन गरिने कुरा उल्लेख गरिएको छ ।

उद्योग

२५. भारतले प्रस्तुत वजेट मार्फत् बढी संख्यामा रोजगारी सिर्जना गर्नसक्ने क्षमता भएका क्षेत्र तर्फ कपडा उद्योग, खाद्यान्न प्रशोधन, पेट्रोलियम, रसायनिक पदार्थ, छाला, सवारी साधन र सेवा क्षेत्रमा पर्यटन र सफ्टवेयर व्यवसाय क्षेत्रको विकासका लागि विशेष कार्यक्रमहरु राखेको छ ।

२६. विगत २ वर्षदेखि टेक्सटाइल उद्योगको विकासको लागि संचालित प्रविधि विकास कोषको उत्साहवर्द्धक सफलता देखिएकोले उक्त कोषलाई रु. ६ अर्ब ९६ करोड (भा. रु.४ अर्व ३५ करोड) वाट बढाई रु. ८ अर्व ५६ करोड (भा.रु.५ अर्व ३५ करोड) पुऱ्याउने लक्ष्य बजेटले लिएको छ । हाल २५ वटा टेक्सटाइल पार्क निर्माण भैसकेको अवस्थामा थप ७ वटा पार्कहरु वनाउने निर्णय सहित वजेटले थप १० वटा पार्कहरुको निर्माणको लागि पहिचान गरिसकेको छ । वजेटमा टेक्सटाइल उद्योगमा प्रयोग गरिने धागोहरुमा लाग्ने अन्त:शुल्क १६ प्रतिशतवाट ८ प्रतिशत मा झारिएको छ भने भन्सार महशुल १५ प्रतिशतबाट १० प्रतिशत कायम गरिएको छ । त्यसैगरी, सन् २००६।०७ का लागि जुट प्रविधि अभियान संचालन गरिने र राष्ट्रिय जुट विकास वोर्डको गठन गरिने कुरा उल्लेख गरिएको छ ।

२७. हातेतान व्यवसायको क्षेत्रमा जीवन वीमा, स्वास्थ वीमा जस्ता विभिन्न कार्यक्रमहरु संचालनमा रहेका छन । Cluster विकास अवधारणाको लागि रु. ८० करोड (भा.रु. ५० करोड) विनियोजन गरिएको तथा उत्पादनमा "Handloom mark" कार्यक्रम ल्याउने एवं हातेतान व्यवसायका लागि व्याजदर अनुदान समेत दिने व्यवस्था गरिएको छ ।

२८. खाद्य प्रशोधनलाई बैंकहरुको प्राथमिकता प्राप्त क्षेत्र कर्जा कार्यक्रम अन्तर्गत राखिने र NABARD मार्फत खासगरी कृषि प्रशोधन उद्योगलाई रु. १६ अर्ब (भा.रु. १० अर्व) पुनरकर्जा उपलब्ध गराइने तथा धान प्रशोधन अनुसन्धान केन्द्रलाई राष्ट्रिय स्तरको वनाइने योजना रहेको छ ।

२९. भारतीय विकास बैंकमार्फत साना तथा मझ्यौला व्यवसायमा जाने कुल कर्जा रकम बढाई आगामी ५ वर्षमा रु. ४० अर्व (भा.रु. २५ अर्व) पुऱ्याउने र सो को लागि आगामी वर्षमा रु. १ अर्ब ८८ करोड ८० लाख (भा.रु. १ अर्व १८ करोड) विनियोजन गरिएको छ । सेवा क्षेत्रलाई पनि साना तथा मझौला व्यवसायमा समावेश गरिने तथा कर्जा सुरक्षण कोषको शुल्क घटाउने र वीमाको आधार बढाउने कुरा उल्लेख गरिएको छ ।

सेवा

३०. पर्यटन क्षेत्रको विकासका लागि थप १५ पर्यटकीय स्थलहरुको एकिकृत विकास गर्ने, हस्तकला, हातेतान तथा संस्कृति सम्बन्धी कार्यक्रम सम्पन्न ५० गाउँहरुको पहिचान गरी विकास गर्ने, होटल व्यवस्थापन सम्वन्धी ४ नयाँ Institute हरु खोल्ने जस्ता कार्यक्रमहरु राखिएका छन् ।

पूर्वाधार

३१. भारतको दूर संचार क्षेत्रलाई विश्वकै उच्चतम बृद्धि भएको क्षेत्रको रुपमा लिइएको छ । डिसेम्वर २००७ सम्ममा २५ करोड connection पुऱ्याउने तथा ग्रामीण क्षेत्रमा समेत मोवाईल टेलिफोन विस्तार गरिने कुरा उल्लेख छ ।

३२. हाल निर्माणाधीन ८२ परियोजनाहरुवाट आगामी ३ वर्ष भित्रमा ३९ हजार ५०० मेगावाट उर्जा विस्तार गर्ने योजना अन्तर्गत मार्च २००७ सम्म १५ हजार मेगावाट उर्जा थपिने छ । यस सिलसिलामा ४,००० मेगावाट क्षमता बराबरका ५ वटा Ultra Mega Project को लागि बोलपत्र आव्हान गरिएको छ । राजीव गान्धी विद्युतीकरण योजना अन्तर्गत सन् २००५।०६ मा १० हजार गाँउहरु विद्युतीकरण भएकोमा र सन् २००६–०७ मा थप ४० हजार गाउहरु विद्युतीकरण गरिने कार्यक्रम रहेको छ ।

३३. प्रस्तुत रेल वजेटमा भाडा दरमा बृद्धि गरिएको छैन । एयर कण्डिसन "क" श्रेणी र "ख" श्रेणीमा चालु भाडा दर क्रमशः १८ प्रतिशत र १० प्रतिशतले घटाइएको छ । दोश्रो श्रेणीमा ५० प्रतिशतको छुट पाइरहेका कृषकहरुले अब यस्तो सुविधा स्लिपर श्रेणीमा पनि प्राप्त गर्न सक्नेछन् । अब रेल सेवामा *"गरिब रथ"* नामाकरण गरिएका पूर्ण वातानुकुलीत चार डव्वाहरु थपिने छन् जस्को भाडा एअर कण्डिसन "ग" श्रेणीको भन्दा करिब २५ प्रतिशत कम हुनेछ । आगामी वर्षमा विविधिकृत भाडा नीति (Differential Pricing Strategy) लागू गरिए पश्चात् पुनः भाडादरमा कमी आउने अपेक्षा गरिएको छ । सडक यातायातलाई भन्दा रेल यातायातलाई प्राथमिकता दिने उद्देश्यले वजेटले Non-Pick सिजनमा ३० प्रतिशत भाडा छुट दिने व्यवस्था गरेको छ । सिमेन्ट, फलाम र स्टील जस्ता सामानको ढुवानी ९० प्रतिशत भन्दा बढी परिमाणमा रेल मार्फत् गर्ने उद्योग तथा कारखानाहरुलाई १ प्रतिशत भाडा छुट दिइने छ । देशभर ५५ वटा नयाँ रेलगाडी थपिएका छन् जसमध्ये १५ विहार र झारखण्ड क्षेत्रमा छन् । २०० रेलहरुलाई सुपरफास्ट रेलमा परिणत गरिएको छ । डिजेल र पेट्रोलको ढुवानी दरमा ८ प्रतिशतको कटौती गरिएको छ । आगामी वर्ष ५३५ कि.मि. रेललाइनलाई अपग्रेड गरी डवल लाइनको वनाइनेछ । त्यस्तै रु. ३ खर्व ५२ अर्व (भा.रु. २ खर्व २० अर्व) को लागतमा पूर्व र पश्चिममा High Axle Load Freight Corridors को निर्माण कार्य सुरु गरिने छ ।

वित्तीय क्षेत्र

कृषि कर्जा

३४. यो बजेटले सदा झै कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिएको र कृषि कर्जालाई आ.व. २००४।०५ को रु. २० खर्व ५ अर्व (भा. रु. १२ खर्व ५३ अर्ब) बाट बढाई आ.व. २००६।०७ मा रु. २८ खर्ब (भा. रु. १७ खर्ब ५० अर्ब) पुऱ्याउने लक्ष्य रहेको र सो अनुरुप कर्जा प्रवाह गर्न बैंकिङ्ग क्षेत्रलाई आह्वान समेत गरिएको छ । यस कार्यबाट थप ५० लाख कृषकहरु बैंकिङ्ग क्षेत्रको कर्जा संजालमा आउने अनुमान गरिएको छ । साथै, बजेटले सिमान्त किसानहरुको आत्मनिर्भर र संयुक्त जवाफदेहिता रहेको समूहहरु गठन गरी तिनीहरुलाई बैंकहरुबाट प्रवाहित कुल कर्जाको एक निश्चित प्रतिशत प्रवाह गर्न समेत प्रस्ताव गरिएको छ ।

३५. यस वजेटमा कृषि कार्यको लागि कर्जा प्राप्त गर्ने कृषकहरुको लागि राहत र अनुदानका थप कार्यक्रम पनि ल्याइएको छ; जस अनुरुप विभिन्न वित्तीय संस्थाहरुबाट रु. १ लाख ६० हजार (भा.रु. १ लाख) सम्म ऋण प्राप्त गर्ने किसानहरुलाई उनीहरुले तिर्न बाँकी रहेको कुल व्याजको २ प्रतिशत बराबरको रकम उनीहरुकै खातामा ३१ मार्च २००६ सम्ममा जम्मा गरिदिने प्रस्ताव गरिएको छ । यसको अतिरिक्त, अधिकतम रु. ४ लाख ८० हजार (भा.रु. ३ लाख) सम्म कर्जा लिने किसानहरुको लागि छोटो अवधिको लागि ७ प्रतिशत व्याजदरमा कर्जा वितरण गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ ।

लघु वित्त कर्जा

३६. लघु वित्तीय क्षेत्रको प्रवर्द्धन, विकास र नियमनको लागि चालू संसदमा विधेयक प्रस्तुत गर्ने प्रस्ताव गरिएको छ । हाल भारतीय बैंकहरुको ८ लाख १ हजार स्वावलम्बन समूहहरुसँग कर्जा सम्बन्ध (Credit-link) रहेको र यी समूहहरु मार्फत् रु ७६ अर्ब ८० करोड (भा. रु. ४८ अर्ब) कर्जा वितरण भइसकेकोमा आ.व. २००६-०७ सम्म यस्ता समूहहरुको संख्या ३ लाख ८५ हजारले विस्तार गर्ने लक्ष्यका साथ बैंकहरुलाई सो अनुरुप गर्न आह्वान समेत गरिएको छ । साथै, बजेटमा कृषि कर्जाको लागि छुट्टै कर्जा सीमा (line of credit) उपलब्ध गराउन NABARD लाई समेत आह्वान गरिएको छ ।

३७. कृषि कार्यमा संलग्न कुल किसानहरुमध्ये २७ प्रतिशतले औपचारिक क्षेत्रबाट र २२ प्रतिशतले अनौपचारिक क्षेत्रबाट कर्जा उपयोग गरिरहेका तर सीमान्त र साना किसानहरुको हालसम्म पनि कर्जामा पहुँच नरहेको सन्दर्भमा वित्तीय संस्थाहरुको संलग्नतामा एउटा समिति (A committee on financial Inclusion) गठन गर्ने र यो समितिले यस्ता साना एवं सीमान्त किसानहरु कर्जाबाट बिमूख हुनुको कारण पहिल्याउनुको साथै वित्तीय संस्थाहरुबाट कर्जा लिन चाहने सबै किसानहरुलाई कर्जा उपलब्ध गराउने योजनाको संयन्त्र तयार गर्न सुझाव गर्नेछ ।

बैंकिङ्ग, बीमा व्यवसाय र पेन्सन

३८. RBI सँग परामर्श गरी बैंकिङ्ग क्षेत्रको विशेष सुरक्षणको रुपमा रहेको कारोवार नहुने (Non-tradable) सुरक्षणहरुलाई कारोवार हुने (tradable) सुरक्षणमा रुपान्तरण गरी अर्थतन्त्रको उत्पादनशील क्षेत्रमा निरन्तर रुपमा वृद्धि भइरहेको कर्जाको मागलाई सम्वोधन गर्न बैंकहरुलाई थप वित्तीय साधन (तरलता) उपलब्ध गराउने ।

पूँजी बजार:

३९. पूँजी बजार सम्बन्धमा देहाय वमोजिम प्रस्ताव गरिएको छ ।

- सरकारी सुरक्षण पत्रमा लगानी गर्ने FII Investment को सीमा साविकको अमेरिकी डलर १ अर्ब ७५ करोडबाट वृद्धि गरी अमेरिकी डलर २ अर्ब पुऱ्याउने र संस्थागत ऋणपत्र (Corporate debt) मा उक्त लगानीको सीमा साविकको अमेरिकी डलर ५० करोडबाट वृद्धि गरी अमेरिकी डलर १ अर्ब ५० करोड पुऱ्याउने,
- Mutual fund बाट वैदेशिक उपकरणहरु (Overseas instruments) मा लगानी गर्न सक्ने साविकको कुल सीमा अमेरिकी डलर १ अर्बबाट वृद्धि गरी अमेरिकी डलर २ अर्ब पुऱ्याउने र १० प्रतिशत समानुपातिक शेयर स्वामित्व रहनु पर्ने साविकको व्यवस्थालाई खारेज गर्ने,
- योग्यता पुगेको (Qualified) भारतीय Mutual funds हरुमध्ये सीमित funds हरुलाई पटक-पटक गरी बढीमा यू.एस. डलर १ अर्बसम्म बाह्य विनिमय व्यापार कोष (Overseas exchange traded funds) हरुमा लगानी गर्न स्वीकृति दिने,

- पूँजी बजारको बाहकको रुपमा रहेका विभिन्न लगानीकर्ताहरुको आत्मविश्वासको जगेर्ना गर्न भारतीय धितोपत्र बोर्ड (SEBI) अन्तर्गत रहने गरी एक लगानीकर्ता सुरक्षा कोष (Investor Protection Fund) को स्थापना गर्ने र बोर्डले जरिबाना एवं हर्जाना मार्फत् प्राप्त गरेको रकमबाट यस कोषको संचालन गरिने ।

सरकारी वित्त

४०. भारतीय बजेटमा करसम्बन्धी प्रस्तावहरु निम्नअनुसार गरिएका छन् :

भन्सार

- गैरकृषिजन्य उत्पादनमा लाग्दै आएको अधिक्तम पैठारी महसूललाई भन्सारको अधिकतम दर १५ प्रतिशतबाट १२.५ प्रतिशतमा झारिने ।
- प्राथमिक तथा सहायक फलामको भन्सार दर १० प्रतिशतबाट ७.५ प्रतिशतमा झारिने ।
- कच्चा फलामको आयातमा लाग्ने भन्सार शुल्क ५ प्रतिशतबाट घटाई २ प्रतिशत कायम गरिने ।
- केही अपवादबाहेक खनिज उत्पादनको भन्सार शुल्क ५ प्रतिशतमा झारिने छ ।
- अकार्वनिक रसायन (महत्वपूर्ण कच्चा सामग्री) मा लाग्ने भन्सार दर १५ प्रतिशतबाट १० प्रतिशतमा झारिएको छ । साइक्लिक एवं असाइक्लिक हाइड्रोकार्बन तथा तिनबाट उत्पन्न सामग्रीहरुमा लाग्ने पैठारी महशूलको दरलाई ५ प्रतिशतमा झारिने छ ।
- प्लाष्टिकबाट बनेका पी.वी.सी., एल. डी. पी. ई. तथा पी.पी. जस्ता सामग्रीहरुमा लाग्ने भन्सार दर १० प्रतिशतबाट घटाई ५ प्रतिशत पुऱ्याइने ।
- Refractory तथा त्यसका कच्चा सामग्रीहरुमा लागि आएको भन्सार दर कम गरी ७.५ प्रतिशत कायम गरिने ।
- प्राकृतिक ग्यास, कच्चा पेट्रोलियम तथा पेट्रोलियम पदार्थको पारवहनसम्बन्धी पाइपलाइन परियोजनाहरुमा १० प्रतिशतको सहुलियतयुक्त परियोजना दर लागू गरिने ।
- १० वटा एड्स निरोधक तथा १४ वटा क्यान्सर निरोधक औषधिमा लाग्ने भन्सार शुल्क घटाई ५ प्रतिशतमा झारिने । अन्य कतिपय जीवनरक्षक औषधि तथा स्वास्थ्यसम्बन्धी उपकरणहरुमा लाग्ने भन्सार दरलाई १५ प्रतिशतबाट ५ प्रतिशतमा झारिने । यी औषधिमा अन्तःशुल्क र समीकारक महसूल पनि मिनाहा गरिने ।
- प्याकेजिङ्ग मेशिनमा लाग्ने भन्सार महसुल १५ प्रतिशतबाट घटाई ५ प्रतिशतमा झारिने ।

- केही उत्पादनबाहेक सबै वस्तुको आयातमा ४ प्रतिशतको समीकारक शुल्क लगाइएको छ ।
- घरेलु वनस्पति उद्योगको संरक्षणका लागि वनस्पतिमा लाग्दैआएको पैठारी महसूल ८० प्रतिशत कायम गरिने ।
- सबै मानव निर्मित फाइबर यार्न तथा फिलामेन्ट यार्नमा लाग्ने भन्सार दर १६ प्रतिशतबाट ८ प्रतिशतमा झारिने ।
- डी.एम.टी., पी.टी.ए तथा एम.ई.जी. जस्ता कच्चा पदार्थमा १५ प्रतिशतले लाग्दैआएको पैठारी महसूललाई १० प्रतिशतमा झारिने ।
- प्याराक्सिलिनमा २ प्रतिशत मात्र भन्सार लाग्ने व्यवस्था गर्ने ।

अन्तःशुल्क

- पेय पदार्थ तथा ४००० मिलिमिटर वा १५०० सी.सी. क्षमता सम्मका साना कारमा २४ प्रतिशतले लाग्दैआएको अन्तःशुल्कको दरलाई १६ प्रतिशतमा झारिने ।
- बट्टा बन्द खाद्य पदार्थहरुमा लाग्ने अन्तःशुल्क १६ प्रतिशतबाट ८ प्रतिशतमा झारिने ।
- भा.रु २५० देखि ७५० सम्म खुद्रा बिक्री पर्ने जुत्ताहरुको अन्तःशुल्क १६ प्रतिशतबाट ८ प्रतिशतमा झारिने ।
- मुद्रण, लेखन तथा प्याकिङ्ग जस्ता कागजको उत्पादन शुल्कको १६ प्रतिशतका दरले लाग्दैआएको अन्तःशुल्क महसूललाई १२ प्रतिशतमा झारिने ।
- सिगरेटको उत्पादनमा लाग्दैआएको अन्तःशुल्कको दर ५ प्रतिशतले बढाउने ।

प्रत्यक्ष कर

- व्यक्तिगत आय कर तथा कम्पनी आयकरको दर यथावत् राखिने ।
- प्रतिभूति लेनदेन कर (Security Transaction Tax)२५ प्रतिशत पुऱ्याइएको ।
- पेन्सन कोषका लागि अंशदानका रुपमा जम्मा गरिएको पाँच वर्षभन्दा बढी अवधिको मुद्दती निक्षेपको कर छुटको सीमा रु १०,००० रुपैयाँबाट रु १००,००० पुऱ्याइएको ।
- प्राथमिक कृषि ऋण समिति र प्राथमिक सहकारी तथा ग्रामीण विकास बैंकहरु बाहेक अन्य सबै सहकारी बैंकहरुले आफ्नो मुनाफामा कर तिनु पर्ने ।
- च्यारिटेबल संस्थाहरुले प्राप्त गरेको दानदातव्यमा उच्चतम सीमान्त दरले कर लगाइने । पूर्णतया धार्मिक संस्थाहरुले प्राप्त गरेको दानदातव्यमा कर नलाग्ने ।
- व्यापारिक कारोबारहरुमा PAN उल्लेख हुनै पर्ने व्यवस्था गरिने ।
- Banking Cash Transaction Tax लाई निरन्तरता दिइने ।

- फ्रिन्ज वेनिफिट करको सम्बन्धमा कर छुटको सीमा देहायबमोजिम कायम गरिएको छ :
  - o टुर एण्ड ट्राभलबाट प्राप्त लाभमा २० प्रतिशतको सट्टा ५ प्रतिशत ।
  - o एयरलाइन्स कम्पनी तथा जहाज कम्पनीहरुको सन्दर्भमा आतिथ्य तथा होटल
  - o सुविधाको प्रयोगको रुपमा भएको लाभको मूल्यको २० प्रतिशतको सट्टा ५ प्रतिशत ।
  - o डाक्टरलाई वितरीत मुफ्त औषधि तथा चिकित्सा उपकरण आदिमा भएको खर्चलाई सामेल नगर्ने ।

मूल्य अभिवृद्धि कर

४१. एल.पी.जी (घरेलु) ग्यासको मूल्यमा सन्तुलन कायम गर्न 'घोषित वस्तु' को सूचीमा सामेल गरिने ।

वाह्य क्षेत्र

४२. भारतीय बजेटमा वाह्य क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरु भारतीय वाणिज्य नीति (२००४-२००९)[८] सँग सामन्जस्यता कायम गरी उक्त नीतिका उद्देश्यहरु पूरा गर्न सघाउ पुग्ने गरी नीतिगत व्यवस्थाहरु गर्ने गरेको छ । भारतका राज्य सरकारहरुले बैदेशिक व्यापारलाई मजबुत बनाउन अन्तर्राज्य वाणिज्य समिति (Inter-State Trade Council) को स्थापना गरेका छन् भने सन् २००५ को जुनमा भारतीय संसदमा विशेष आर्थिक क्षेत्र विधेयक (Special Economic Zone Bill) पनि पारित भइसकेको छ । उक्त विधेयकका प्रमुख पक्षहरुमा उद्योगीहरुलाई आकर्षक वित्तीय प्रोत्साहन (Fiscal Incentives) स्वरुप कर छुट र Free Trade and Warehousing Zone स्थापना गरी अन्तर्राष्ट्रिय स्तरको वाणिज्य पूर्वाधारहरुको निर्माण गर्ने रहेका छन् । अहिले भारतमा

---

८ सन् २००४ मा भारतले आफ्नो विस्तृत वाणिज्य नीति (२००४ - २००९) को घोषणा गरेको थियो, जसको मुख्य उद्देश्यहरु यसप्रकार रहेका छन्: (क) सन् २००९ सम्ममा विश्व वस्तु व्यापारमा भारतको अंश ०.७५ प्रतिशत बाट १.५ प्रतिशत पुऱ्याउने (ख) semi-urban तथा ग्रामीण इलाकामा रोजगारी अभिवृद्धिलाई विशेष जोड दिई आर्थिक वृद्धि बढाउन विशेष भूमिका खेल्ने । उक्त वाणिज्य नीतिका प्रमुख पक्षहरु देहायअनुसार रहेका छन् :

- निर्यात प्रवर्द्धन योजनाहरु जस्तै Target Plus, विशेष कृषि उपज योजना (special agricultural produce scheme) र 'served from India' समावेश गरिने,
- व्यापार सम्बन्धी पूर्वाधारहरु जस्तै Free Trade and Warehousing Zone स्थापना गरी व्यापारिक कारोवारहरु बैदेशिक मुद्रामा संचालन गर्ने स्वतन्त्रता दिई वस्तु तथा सेवा आयात/निर्यात प्रोत्साहन गर्ने र
- प्रमुख बजारहरुमा विशेष सेवाहरुको अवसर पत्ता लगाई सेवा उद्योगका मान्यताप्राप्त अंगहरु र sectoral players को संयोजनमा रणनीतिक बजार पहुँच कार्यक्रम (strategic market access programs) विकास गर्न सेवा निर्यात समितिको स्थापना गरिने ।

१५ वटा विशेष आर्थिक क्षेत्रहरु स्थापना भइसकेका छन् भने थप ६२ वटालाई स्वीकृति प्रदान गरिसकिएको छ ।

४३. भारतीय वाणिज्य नीति अनुरुप यस वर्षको बजेटमा Cluster Development Model अवलम्बन गरिएका क्षेत्रहरु जस्तै खादी, हाते तान, हस्तकला, कपडा, कृषि तथा ग्रामीण उद्योगहरुलाई विशेष प्राथमिकता दिइएको छ । यो model अवलम्बन गरी औद्योगिक उत्पादनलाई प्रोत्साहन दिई नयाँ औद्योगिक क्षेत्रको स्थापना गर्न सकिन्छ ।

४४. नेपालको सन्दर्भमा निर्यातमूलक उद्योगको प्रवर्द्धन एवं बैदेशिक लगानीलाई आकर्षित गर्नका लागि आर्थिक वर्ष २०५९/६० (सन् २००२/०३) को बजेट वक्तव्यमा श्री ५ को सरकारले देशका चार स्थान (वीरगंज, भैरहवा, नुवाकोटको रातमाटे र काभ्रेको पाँचखाल) मा विशेष आर्थिक क्षेत्र स्थापना गर्ने घोषणा गरेको थियो । तर विशेष आर्थिक क्षेत्र सम्बन्धी छुट्टै कानून जारी नहुनु, त्यस क्षेत्रको पूर्वाधार विकासका लागि पर्याप्त बजेट उपलब्ध हुन नसक्नु, र दक्ष एवं उक्त क्षेत्रका लागि उपयुक्त जनशक्तिको अभावले गर्दा विशेष आर्थिक क्षेत्र संचालनमा आउन सकेको छैन ।

४५. भारतजस्तै नेपालले पनि नयाँ वाणिज्य नीति तर्जुमा गर्दा एक निश्चित अवधिको लागि गरियो भने यसबाट मुलुकलाई लाभ तथा स्पष्ट दिशानिर्देश हुनको साथै उक्त नीति समयसापेक्ष रुपमा परिमार्जन गर्न बाध्यात्मक स्थिति सृजना हुनसक्छ ।

नेपाली अर्थतन्त्रमा भारतीय बजेटको प्रभाव तथा सुझावहरु

४६. भारतीय बजेट २००६।०७ मा उल्लेखित नीतिगत व्यवस्थाले नेपाली अर्थतन्त्रको समग्र आर्थिक क्षेत्रमा पार्न सक्ने प्रभाव र यस सन्दर्भमा नेपालले अपनाउनु पर्ने नीतिगत व्यवस्थाहरु देहाय बमोजिम विश्लेषण गरिएको छ :

उत्पादनशील क्षेत्र

कृषि

४७. भारतले विगत केही वर्षयता कृषि क्षेत्रमा गरेका विभिन्न प्रयासहरुले नेपाली कृषिको प्रतिस्पर्धात्मक क्षमतामा प्रतिकूल प्रभाव पार्ने देखिन्छ । सिंचाई सुविधामा भएको व्यापक विस्तारले गर्दा भारतीय कृषिको मौसम माथिको निर्भरतामा कमी आएको छ । त्यस्तै, कृषि कर्जामा गरिएको विस्तार एवं कृषकहरुको लागि ल्याइएका विशेष राहत कार्यक्रमहरुले कृषि क्षेत्रमा प्रवाह हुने वित्तीय साधन एवं श्रोत उपरको पहुँच सर्वसुलभ हुन गई कृषि उत्पादन तथा उत्पादकत्वमा सुधार आउने छ । यसवाट भारतीय कृषि उपजहरु तुलनात्मक रुपले सस्तो हुने हुँदा मौसममा आधारित नेपाली कृषि उपजहरु कम प्रतिस्पर्धी हुन जाने देखिन्छ । फलस्वरुप भारतीय कृषि उपजहरु खुला सीमानावाट नेपालमा सजिलै भित्रिन सक्ने हुँदा कृषकहरु कृषि वालीतर्फ निरुत्साही हुन गई कृषि

उत्पादन तथा उत्पादकत्वमा झन् ह्रास आउन सक्ने देखिन्छ । यसका लागि नेपालले आधुनिक सिंचाई प्रणालीको विकास एवं विस्तार गर्नुका अतिरिक्त परम्परागत पानीका श्रोतहरुको समुचित प्रयोगतर्फ उपयुक्त नीति तथा कार्यक्रमहरु ल्याउनु पर्ने देखिन्छ । साथै भारतमा प्राकृतिक विपत्ति, रोग व्याधी आदिवाट कृषि उपजमा पर्न सक्ने प्रभाववाट कृषकहरुलाई वचाउन सन् १९९९/०० देखि नै राष्ट्रिय कृषि वीमा कार्यक्रम सञ्चालन गरिएकोले नेपालले पनि कृषि क्षेत्रमा बीमा कार्यक्रमहरु ल्याउन सके लाभदायक हुने देखिन्छ ।

४८. त्यस्तै, कृषि कर्जा अभिवृद्धि गर्न कृषि विकास बैंकको सुधार गर्नुपर्ने र अन्य वाणिज्य बैंकहरुलाई कृषि कर्जा रकम बढाउन प्रोत्साहन गर्नुपर्ने देखिन्छ । भौगोलिक दृष्टिले नेपालमा प्रचुर मात्रामा चिया उत्पादन गर्न सकिने संभावना भएतापनि चिया उत्पादन तथा उत्पादकत्वमा खासै सुधार नआएको परिप्रेक्ष्यमा भारतमा चिया वगान विकासको लागि गरिएको विशेष कार्यक्रमहरुले नेपाली चियाको प्रतिस्पर्धात्मक क्षमतामा प्रतिकूल प्रभाव पार्न सक्ने देखिन्छ । यसलाई न्यून गर्न दीर्घकालीन चिया नीति निर्माण गरी सोही अनुरुप रणनीतिहरु तयार गर्नुपर्ने देखिन्छ । साथै चिया तथा कफी विकास वोर्डलाई एउटा अनुसन्धान केन्द्र तथा वजार प्रवर्द्धकको रुपमा विकास गर्ने, चिया कृषकहरुलाई सहयोग पुऱ्याउन चिया विकास कोषको स्थापना जस्ता प्रयासहरु गर्नुपर्ने देखिन्छ ।

४९. भारतमा फलफूल तथा तरकारी खेतीमा गरिएका प्रयासहरुले नेपालमा मिश्रित प्रभाव पर्न सक्ने देखिन्छ । एकातिर ती वस्तुहरु सस्तोमा नेपाली वजारमा उपलव्ध हुन गई आपूर्ती पक्षमा सुधार आउन सक्छ भने अर्कोतिर कमजोर वजार संयन्त्रका कारण नेपाली फलफूल वजार तुलननात्मक रुपले पछाडि पर्न सक्ने संभावना छ । भारतको यस कदमवाट नेपालले पनि प्रमुख व्यापारिक केन्द्रहरुमा शीतभण्डारको व्यवस्था गर्ने, प्रमुख उत्पादन केन्द्रहरुमा सामुदायिक बजार विकास गरिदिने र उत्पादित वस्तुलाई सरल रुपमा बजार पहुँच पुऱ्याउन आवश्यक पूर्वाधारहरुको विकास गर्ने तर्फ जोड दिनु पर्ने देखिन्छ । समग्रमा भन्नुपर्दा नवौं योजनामै तय गरिएको २० वर्षे दीर्घकालीन कृषि योजना (APP) को प्रभावकारी कार्यान्वयन गरिनु पर्छ ।

उद्योग

५०. भारतले औद्योगिक उत्पादन केन्दको रुपमा विकास गर्ने तथा बढी रोजगारी सिर्जना गर्नसक्ने क्षमता भएका कपडा, खाद्य प्रशोधन, पेट्रोलियम रासायनिक, छाला तथा सवारी साधन क्षेत्रहरुमा थप विशेष कार्यक्रम सन्चालन गर्ने भएकोले यस प्रकारको नेपाली वस्तुको प्रतिस्पर्धात्मक क्षमता अझ क्षय हुने देखिन्छ । नेपालवाट भारतमा हस्तकला सामाग्री, रासायनिक पदार्थ, कच्चा जुट र जुटवाट वनेका सामान, छाला तथा छालावाट वनेका सामन, तयारी कपडा र कपडाहरुको निर्यात हुदै आएको देखिन्छ । यस्ता वस्तुहरु उत्पादन गर्ने उद्योगका लागि भारत सरकारले माथि उल्लेख गरिएका

सुविधाहरु उपलब्ध गराउने भएकोले उनीहरुको प्रतिस्पर्धात्मक क्षमता तथा गुणस्तरमा समेत सकारात्मक प्रभाव पर्ने भएकोले नेपालवाट भारत निर्यात हुने यस्ता वस्तुहरुको तुलनात्मक लाभमा नकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ । त्यसैगरी नेपालवाट तेश्रो मुलुकहरुमा हस्तकला, रेडिमेड गार्मेन्ट छाला तथा छालाका सामान, गरगहना, चिया, उनी गलैंचा जस्ता वस्तुहरु निर्यात भैरहेको परिप्रेक्ष्यमा भारतले यस्ता वस्तु उत्पादन गर्ने उद्योगहरुलाई आकर्षक सुविधा प्रदान गर्ने भएकोले नेपाली उद्योगको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुन सक्छ । यसको परिणति भनेको भारतीय वस्तुले अन्तर्राष्ट्रिय बजारमा नेपालका सस्ता वस्तुहरुलाई प्रतिस्थापन गर्ने संम्भावना प्रवल रुपमा बढनु हो । तसर्थ यसको उचित समाधानको लागि नेपाली उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता बृद्धि गर्न यस्ता उद्योगहरुमा थप लगानी, सुलभ व्याजदरमा वैंक कर्जा विस्तार, कर छुटका सुविधा तथा औद्योगिक Cluster को व्यवस्था, खाद्य लगायत जुट जस्ता वस्तु विकासका कार्यक्रमहरु तथा अनुसन्धान केन्दको स्थापना गर्नु अपरिहाय हुन आउंछ ।

सेवा

५१. भारतले भारतभित्र थप पर्यटकीय स्थलको पहिचान एवं विकास गर्ने भएवाट एकातर्फ भारतवाट नेपाल आउने भारतीय पर्यटकहरुको संख्यामा कमी आउन सक्ने देखिन्छ भने अर्कोतर्फ पर्यटकहरु तेश्रो मुलुकवाट भारत हुँदै नेपालको समेत भ्रमण गर्न सक्ने भएकोले नेपालको पर्यटनमा पनि सकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ । यसको लागि नेपाल पर्यटन वोर्डको पहलमा भारतका प्रमुख पर्यटकीय स्थलहरुमा नेपालवारे प्रचार प्रसार गर्नु पर्ने तथा ती पर्यटकीय स्थलहरुमा अवस्थित/संचालित travel agents हरुसंग सहकार्यगरी package program मार्फत् ती पर्यटकहरु नेपाल भित्रन सक्ने संजाल (networking) वातावरण विकास गर्नुपर्ने देखिन्छ ।

मूल्य

५२. कच्चा तेलमा रहेको करको दर (Cess) भा.रु.१८०० प्रति टनबाट वृद्धि गरी भा.रु.२५०० पुऱ्याइए तापनि यस वृद्धिलाई रिफाइनरी कम्पनीले नै व्यहोर्ने हुँदा खुद्रा मूल्यमा फरक नआउने उल्लेख छ । अर्कोतर्फ रेलवे बजेट अनुसार रेलवे मार्फत ढुवानी हुने पेट्रोल र डिजेलको ढुवानी भाडामा ८.० प्रतिशत घटाइएको हुँदा भारतीय बजेटका कारण पेट्रोलियम पदार्थको मूल्यमा थप चाप नपर्ने अनुमान गरिएको छ ।

५३. प्रस्तुत वजेटमा चुरोट र सूर्तिजन्य वस्तुहरुमा ५.० प्रतिशत अन्तशुल्क वृद्धि भएकोले सूर्तिजन्य वस्तुहरुको मूल्य बढ्ने देखिन्छ ।

५४. स्टीलपाता तथा अन्य गैर फलाम धातुहरुको भंसार दर १०.० प्रतिशतबाट ७.५ प्रतिशतमा झारिएकोले आयात हुने तामा, ढलौट, अल्मुनियम जस्ता वस्तुहरुको मूल्यस्थितिमा सामान्य रुपमा सकारात्मक प्रभाव पर्न जानेछ ।

५५. कृषितर्फ सिंचाई, सुलभ कर्जा विस्तार, बजार सृजना, खेती विविधिकरण, चिया खेती एवं वागवानी र मत्स्य पालनतर्फ अनुदानमा सामान्य वृद्धि भएकाले कृषि उत्पादन मूल्यमा सकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ ।

५६. प्लाष्टिक र सेरामिक सामान सरह सीसाका सामानहरुको अन्तःशूल्क घटाइ १६.० प्रतिशत कायम गरिएको छ भने टेवुल तथा भान्साका सामानहरु (Kitchen Ware) मा एकरुपता ल्याइएबाट त्यस्ता सामानहरुको मूल्य अन्तर कम हुन जाने भए पनि यसबाट नेपालको मूल्य स्थितिमा न्यून मात्र प्रभाव पर्न सक्दछ ।

५७. खानीजन्य (Mineral) वस्तुहरुको भंसार दर १५.० प्रतिशतबाट ५.० प्रतिशत कायम हुन गएकोले खानीजन्य आयातीत वस्तुहरुको मूल्य तुलनात्मक रुपमा सस्तो पर्ने देखिन्छ । त्यस्तै गरी प्लाष्टिक (PVC, LPPE र PP) को भंसार पनि २.० प्रतिशतमा झारिएकोले ती वस्तुहरु सस्तो मूल्यमा नेपालमा आयात गर्न सघाउ पुग्ने देखिन्छ ।

५८. LPG चूल्हो र Energy Efficient Lamps (Compact Flourescent Lamps) को अन्तःशुल्क ८.० प्रतिशतमा झारिएकोमा ती वस्तुहरुको आयात मूल्य सस्तो हुने संभावना देखिन्छ ।

५९. छपाइ, लेखन तथा प्याकिङ्ग गर्ने कागजको करलाई १६.० प्रतिशतबाट १२.० प्रतिशत कायम गरिएकोले नेपालमा पनि कागजको मूल्य कम हुने अनुमान गर्न सकिन्छ ।

६०. सवै प्रकारका मानव निर्मित र फिलामेन्ट यार्नको अन्तःशुल्क १६.० प्रतिशतबाट घटाई ८.० प्रतिशत कायम गरिएको, DMT, PTA र MEG जस्ता कच्चा पदार्थहरुको भंसार दर १५.० प्रतिशतबाट १०.० प्रतिशत कायम गरिएको Paraxylene को आयात महशुल २.० प्रतिशत मात्र कायम गरिएकोले टेक्सटाइल्स तर्फका त्यस्ता वस्तुहरुको आयात सस्तो हुन जाने देखिन्छ ।

६१. गैर कृषि उत्पादनको उच्चतम भंसार महसूल १५.० प्रतिशतबाट १२.५ प्रतिशतमा ल्याइएबाट आयातित वस्तुतर्फ गैर कृषि उत्पादनका सामानहरुको मूल्य नेपालमा पनि घट्न गई मूल्यमा सकारात्मक प्रभाव पर्न सक्नेछ ।

६२. खाद्य उत्पादन लगायतमा प्रयोग हुने पेकेजिङ्ग मेशिनको भंसार दर १५.० प्रतिशतबाट घटाई ५.० प्रतिशत कायम गरिएकोले नेपालमा आयातीत तयारी खाद्य तथा अन्य उपभोग्य वस्तुको मूल्यमा सकारात्मक असर पर्ने देखिन्छ ।

६३. उल्लेखित तथ्यहरुको आधारमा गत फेब्रुअरी २८, २००६ को भारतीय बजेटबाट नेपालको मूल्य स्थितिमा पर्ने प्रभाव मूल्याङ्कन गर्दा केही वस्तुहरुको मूल्य बढ्ने भए पनि बहुसंख्यक उपभोग्य सामाग्रीहरुको मूल्यमा सकारात्मक असर पर्ने संभावना देखिन्छ । पेट्रोल र डिजलको रेलवे मार्फत हुने ढुवानी भाडामा कटौती गरिएकोले पेट्रोलियम पदार्थको मूल्यमा थप चाप नपर्ने अनुमान छ भने चुरोट र सूर्तिजन्य वस्तुहरुको मूल्य वृद्धि हुने संभावना देखिन्छ । स्टील-पाता, फलाम वाहेकका धातुहरु, खानीजन्य वस्तुहरु,

LPG चुल्हो र Energy Efficient Lamps, प्लाष्टिकका सामान (PVC, LPPE, PP आदि), छपाई, लेखन तथा पेकेजिङ्गमा हुने कागज तथा मानव निर्मित र फिलाटेलिक यार्नको मूल्यमा सकारात्मक प्रभाव पर्ने अनुमान गर्न सकिन्छ ।

६४. उपरोक्त तथ्यलाई मनन गर्दा बजेटले करका दर परिवर्तन तथा अन्य व्यवस्थाको माध्यमबाट भारतीय बजारमा मूल्य स्थिरता कायम राख्न खोजिएको कारण नेपालको बजारमा समेत आयातित वस्तुहरुको पहुंच सुलभ हुन गई आपूर्ति व्यवस्थामा नियमितता आउने हुंदा नेपालको मुद्रास्फीतिमा प्रतिकूल प्रभाव नपरी प्रत्यक्ष वा परोक्ष रुपमा सकारात्मक प्रभाव पर्ने संभावना रहेको छ । फलस्वरुप पेट्रोलियम पदार्थको मूल्य बृद्धि पश्चात् हालै प्रक्षेपण गरिएको आ.व.२०६२।०६३ को करीव ८ प्रतिशतको मुद्रास्फीति दरमा यस बजेटले थप चाप नपार्ने अनुमान छ (तालिका नं ४) ।

सरकारी वित्त

६५. प्रस्तुत बजेटले राजस्व परिचालनको क्षेत्रमा केही महत्वपूर्ण कदमहरु चालेर आर्थिक कारोवारलाई प्रतिस्पर्धी बनाउने प्रयास गरेको छ । आर्थिक वर्ष सन् २००६।०७ मा अघिल्लो आर्थिक वर्षको संशोधित अनुमानभन्दा १५.९ प्रतिशत तथा बजेट अनुमानभन्दा १४.९ प्रतिशत बढी राजस्व परिचालन गर्ने प्रस्ताव गरिएको छ । आर्थिक वर्ष २००५।०६ मा राजस्व परिचालनबाट कुल सरकारी खर्चको ६८.५ प्रतिशत अंश पूरा हुने संशोधित अनुमान रहेकोमा आर्थिक वर्ष २००६।०७ मा यस्ते अंशलाई ७१.५ प्रतिशत पुऱ्याउने अनुमान छ । बजेटले कुशल कर प्रशासन एवं कर प्रशासनको आधुनिकीकरणमार्फत् बढीभन्दा बढी राजस्व परिचालन गर्ने कुरामा जोड दिएको छ । आर्थिक वर्ष २००३/०४ मा कुल गार्हस्थ्य उत्पादनको ९.२ प्रतिशत रहेको राजस्व करको अंश बढेर २००४/०५ मा ९.८ प्रतिशत र २००५/०६ मा सो अनुपात १०.५ प्रतिशत पुगेको अनुमान रहेको छ । भारत सरकारले प्रभावकारी कर प्रशासनको माध्यमबाट आर्थिक वर्ष २००६।०७ मा उक्त अनुपात ११.२ पुग्ने प्रक्षेपण गरेको छ । बजेटमा व्यक्तिगत एवं कर्पोरेट आयकरका दरहरुमा कुनै परिवर्तन गरिएको छैन । अन्य प्रत्यक्ष करहरुमा सामान्य परिवर्तन मात्र गरिएको छ । अप्रत्यक्ष करका दरहरुमा भने उल्लेख्य परिवर्तन गरिएका छन् ।

६६. प्रस्तुत भारतीय बजेटमा पाँच वर्षभन्दा बढी अवधिको मुद्दती निक्षेपलाई कर छुटको सीमाभित्र राख्ने व्यवस्था गरिएको छ । सो सीमा रु १६ हजार (भा. रु. १० हजार) बाट रु १ लाख ६० हजार (भा. रु. १ लाख) पुऱ्याइएबाट बचतलाई प्रोत्साहित गर्न प्रयास गरेको आभास मिल्दछ । भारत सरकारले आगामी वर्ष १० प्रतिशतको आर्थिक वृद्धि दर हासिल गर्न सोही बमोजिम लगानी एवं बचतमा पनि वृद्धि गर्नुपर्ने भएकोल यसलाई लक्षित बचत परिचालन गर्नेतर्फको एक उल्लेखनीय कदमको रुपमा लिन सकिन्छ ।

६७. भारतले प्राथमिक सहकारी तथा ग्रामीण विकास बैंकहरु तथा प्राथमिक कृषि ऋण समितिहरुले आर्जन गरेको मुनाफामा कर नलगाई अन्य सहकारी बैंकहरुलाई मात्र

करको दायरामा ल्याएको छ । यसबाट ग्रामीण एवं विपन्न वर्गको आर्थिक स्तर उकास्ने कार्यमा ग्रामीण विकास बैंकहरु अझ प्रोत्साहित हुने देखिन्छ । नेपालमा ग्रामीण विकास बैंकहरुले पनि वाणिज्य बैंकहरु सरह आर्जित मुनाफामा ३१.५ प्रतिशतको कर्पोरेट कर तिर्नुपर्ने प्रावधान छ । ग्रामीण विकास बैंकहरुको उद्देश्य विपन्न, ग्रामीण महिलाहरुको आर्थिक स्तर उकास्न कर्जा प्रवाह गर्ने भएकोले यसलाई अन्य वाणिज्य बैंकहरु सरह कर लगाउन उपयुक्त नहुने भएकोले यस्तो करको प्रावधान घटाउने वा हटाउने सन्दर्भमा वहस हुनु जरुरी छ ।

६८. भारतमा महत्वपूर्ण कच्चा सामग्रीहरु जस्तै– अकार्बनिक रसायन, साइक्लिक एवं असाइक्लिक हाइड्रोकार्बन आदिमा भन्सार शुल्क १५ प्रतिशतबाट १० प्रतिशतमा झारिएको हुँदा ती कच्चा पदार्थहरुको आयात नेपालमा पनि सस्तो हुन गई नेपाली उद्योगधन्दाहरु प्रोत्साहित हुने देखिन्छ । साथै यसबाट नेपालको तेस्रो मुलुकबाट हुने यस्ता वस्तुहरुको आयातमा कमी हुने र भन्सार राजस्व पनि घट्ने देखिन्छ ।

६९. भारत सरकारले जीवरक्षक औषधि तथा औषधिजन्य उपकरणहरुमा लागिआएको पैठारी महसूललाई १५ प्रतिशतबाट ५ प्रतिशतमा झारेको र यी औषधिहरुले अन्तःशुल्क र समीकारक महसूल पनि मिनाहा पाउने व्यवस्था भएको हुँदा यी वस्तुहरुको मूल्यमा कमी आउने छ । नेपालमा प्रयोग हुने औषधि तथा औषधिजन्य उपकरणहरुको निकै ठूलो परिमाण भारतबाट आयात हुने गरेको र भारतमा यी वस्तुहरुको मूल्यमा कमी आउँदा त्यहाँबाट हुने औषधि आयात वृद्धि हुन जानाले नेपाली औषधि उद्योगहरुलाई असर गर्ने तथा व्यापार घाटा पनि बढ्न जाने छ । तर अन्तःशुल्क कटौती गरिएबाट नेपालमा भारतीय वस्तु आयात गरेबापत प्राप्त हुने भारतीय अन्तःशुल्क फिर्ता रकममा भने कमी आउने छ ।

७०. भारतमा एल.पी.जी. (घरेलु) ग्यासको मूल्यमा सन्तुलन ल्याउन त्यसलाई 'घोषित वस्तु' को सूचीमा सामेल गरी मूल्य अभिवृद्धि कर निर्धारण गरिने भएकोमा नेपालमा पनि एल.पी.जी. ग्यासलाई सोही अनुरुपको व्यवहार हुनु उपयुक्त हुन्छ ।

७१. पेय पदार्थ, बट्टा बन्द खाद्य पदार्थमा लाग्ने अन्तःशुल्कमा कमी गरिएका कारण यी वस्तुहरुको आयातवापत् नेपाललाई प्राप्त हुने भारतीय अन्तःशुल्क फिर्ता राजस्वमा कमी आउने जस्तो देखिएपनि अन्तःशुल्कमा भएको कटौती बाट ती वस्तुको मूल्यमा कमी आउने हँदा यी वस्तुहरुको आयात बढ्न गई भन्सार राजश्व बढ्ने छ ।

७२. प्रस्तुत भारतीय बजेटमा रु २५० देखि रु ७५० सम्म खुद्रा बिक्री मूल्य पर्ने जुत्तामा लागिआएको अन्तःशुल्क घटाइएको छ । यसबाट जुत्ताको मूल्यमा कमी आउने हुँदा भारतीय जुत्ता आयात बढ्न गई भन्सार राजश्व बढ्ने छ । यसबाट मध्यम आय भएका वर्गलाइ राहत पुग्न जानेछ । तर भारतीय जुत्ता आयात गरेवापत् प्राप्त हुने गरेको अन्तःशुल्क फिर्ता राजस्व भने घट्नजाने देखिन्छ ।

७३. भारतले साना कार (पेट्रोल इन्जीनको हकमा १२०० सी.सी.सम्मको र डिजल इन्जीनको हकमा १५०० सी.सी.सम्मको) मा लागि आएको अन्तःशुल्कलाई २४ प्रतिशतबाट १६ प्रतिशतमा झारेकोले यसबाट साना कारको आयात बढ्ने हुँदा सो वापतको भन्सार राजश्व बढ्ने देखिन्छ ।

७४. चुरोटमा अन्तःशुल्क बढाइएकोले गर्दा भारतीय सिगरेट आयात घट्ने, स्वदेशी मूल्य बढ्ने एवं सिगरेट आयातवापत्को भन्सार महसूल घट्ने हुन्छ ।

मौद्रिक क्षेत्र

७५. आर्थिक वृद्धिदर उच्च रहेको अवस्थामा बैंक कर्जा उच्चदरमा वृद्धि हुने गर्दछ । भारतमा गैर खाद्य कर्जा २५ प्रतिशत भन्दा बढी दरले वृद्धि भैरहेको छ । प्रस्तुत बजेटले कृषि कर्जा पनि आगामी वर्ष झण्डै २४ प्रतिशतले बढाउन बैंकहरूलाई आग्रह गरेको छ । भारत सरकारले पूर्वाधार विकासमा पनि त्यतिकै जोड दिएको छ । यसबाट सम्पूर्ण क्षेत्रमा कर्जा प्रवाह अझ बढी बढ्ने सम्भावना रहेको छ । यसले गर्दा भारतमा व्याजदर तुलनात्मक हिसावले उच्च कायम रहेको देखिन्छ । नेपालमा समष्टिगत माग शिथिल रहेको तर निजी क्षेत्रको विप्रेषण आप्रवाह मार्फत सिर्जित अधिक तरलताको स्थितीले गर्दा प्रचलित व्याजदर भारतको भन्दा न्यून रहने देखिन्छ । दीर्घकालसम्म उच्च व्याजदर फरक रहे नेपालबाट भारततर्फ पूँजी पलायनको सम्भावना रहने देखिन्छ । नेपालको व्याजदर भारतको भन्दा दीर्घकालसम्म न्यून रहन नदिने कार्य नेपालको मौद्रिक व्यवस्थापनको लागि चुनौतीपूर्ण रहने देखिन्छ ।

७६. माथि वुँदा नं.३९ मा उल्लेख भए अनुसार भारतले क्रमसः पूँजी खाता खोल्ने नीति लिएको र यही रफ्तार कायम रहे भारतले आगामी ३/४ वर्ष अर्थात सन् २०१० भित्र पूँजी खातालाई पूर्ण परिवर्त्य बनाउने संभावना रहेकोले नेपालले यस संवन्धमा पूर्वाभ्यास थाल्नुपर्ने देखिन्छ । भारतीय आर्थिक वृद्धिको फाइदा लिनको लागि पनि पूँजी खाता क्रमशः परिवर्त्यता तर्फ उन्मुख हुनु मनासिव देखिन्छ । यसले गर्दा व्याजदरमा स्वतः संतुलन कायम हुन गै पूँजी पलायनको समस्या समेत समाधान हुने अपेक्षा राख्न सकिन्छ ।

तालिका २

नेपाल र भारतको व्याजदर संरचना

	नेपाल	भारत
बैक दर	६.२५%	६.०%, ६.५० %(रिपो)
९१ दिने ट्रेजरी विल्स दर	२.४६ %(फेब्रुअरी २०, २००६)	६.६९%(फेब्रुअरी १५, २००६)
अन्तर बैंक दर	३.३% -फेब्रुअरी २०- २८, २००६	६.६४ %, (फेब्रुअरी १५,२००६)
बचत व्याजदर	२ - ५ %	३.५ %
मुद्धती निक्षेप व्याजदर (१ वर्ष वा सो भन्दा माथि)	२.२५- ५.५%	५.२५- ६.२५%

७७. हाल सम्म थोक मूल्य सूचकांकमा आधारित भारतीय मुद्रास्फीति ५ प्रतिशत भन्दा कमै रहेको भएपनि भारतमा समष्टिगत माग उच्च रहेकोले यसले आगामी दिनहरुमा भारतीय मुद्रास्फीतिमा चाप पार्ने देखिन्छ । तर, भारतीय रिर्जभ बैंकले मूल्यस्थिरता कायम राख्न निकै हेक्का पुऱ्याएको हुँदा मूल्य अनियन्त्रित हुने सम्भावना भने कमै देखिन्छ । यसको लागि २००५।०६ मा भारतीय रिर्जभ बैंकले रिपो दरलाई तीन पटक ०.२५ प्रतिशत विन्दुका दरले बढाई जनवरी २००६ देखि ६.५ प्रतिशत कायम गरेको छ । अहिले सम्म भारतीय अर्थतन्त्रले उच्च मूल्यवृद्धि नगराइकन उच्च आर्थिक वृद्धिदर हासिल गर्न सकेको छ । भारतीय अधिकारीहरूले आगामी वर्ष पनि मूल्यवृद्धि सामान्य मात्र हुने अपेक्षा गरेका छन् । समष्टिगत माग उच्च रही आर्थिक वृद्धि उच्च रहेको र कूशल आपूर्ति व्यवस्थापन गरिएबाट मूल्यमा चापको स्थिति रहे पनि उक्त चाप काबुभन्दा वाहिर जाने गुञ्जायस देखिँदैन ।

तालिका ३

नेपाल र भारतको मूल्य स्थिति

	नेपाल	भारत
२०६१।६२ वार्षिक औसत	४.५ प्रतिशत	६.५ प्रतिशत
२०६२ पौष वार्षिक विन्दुगत	७.० प्रतिशत	४.१ प्रतिशत -फेब्रुअरी २००६

७८. भारतले उच्च आर्थिक वृद्धिदर हासिल गरिरहेको अवस्थामा त्यहाँ समष्टिगत मागमा वृद्धि हुने हुनाले नेपालबाट भारत तर्फ वस्तु तथा सेवा (पर्यटन) निर्यात बढ्न सक्ने सम्भावना रहन्छ । यसले नेपाली अर्थतन्त्रले हाल व्यहोर्नुपरेको भारतीय मुद्रा संचितिको चापमा सुधार आउन सक्ने देखिन्छ । तर नेपाली अर्थतन्त्र आन्तरिक द्वन्द्वमा फसेको हुँदा अपेक्षित लाभ लिनबाट विमुख भएको छ ।

७९. भारत सरकारले सरकारी बैङ्कहरूको सुधारको लागि सन् १९९३।९४ देखि नै बैकिङ्ग क्षेत्र सुधार कार्यक्रम संचालन गर्दै आएको छ । यस अन्तर्गत भारत सरकारले सरकारी बैंकहरूको पूँजीकोष सुधारको लागि भारतीय रुपैया १ खर्व ६८ अर्व ९ करोड प्रवाह गरिसकेको छ । यसले गर्दा सरकारी बैंकहरू विदेशी बैंकहरूसँग प्रतिश्पर्धा गर्न सक्षम हुदै गएका छन् । यस सन्दर्भ नेपालका दुई ठूला वाणिज्य बैंकहरूको पूँजीकोष नकारात्मक रहेको स्थितिलाई मध्यनजर गरी उक्त बैंकहरुमा पूँजी थप्ने काम गर्नु आवश्यक देखिन्छ । वित्तीय क्षेत्र सुधार कार्यक्रमले नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैकको वित्तीय स्थिति केही सुधार ल्याए पनि ती बैंकहरूलाई पूर्ण सक्षम पार्न अझ धेरै गर्नुपर्ने देखिन्छ ।

८०. भारतमा निजी बैंक र विदेशी बैंक बाहेक सरकारी बैंकहरूको पनि निष्कृय कर्जा न्यून नै रहेको छ । २००४।०५ मा बैंकहरुको कूल सम्पतिमा कूल निष्कृय कर्जाको अनुपात विदेशी बैंकहरूको १.४ प्रतिशत, निजी बैंकहरूको २.१ प्रतिशत र सरकारी बैंकहरूको २.८ प्रतिशत रहेको छ । खूद निष्कृय कर्जाको अनुपात त झण्डै १ प्रतिशत भन्दा कम रहेको छ । तर नेपालमा कूल निष्कृय कर्जाको अनुपात औसतमा १८.७ प्रतिशत रहेको

छ । वित्तीय उदारीकरणको प्रतिष्पर्धात्मक युगमा यस हद (magnitude) को उच्च निष्कृय कर्जाले वित्तीय स्थायित्वउपर प्रश्न चिन्ह खडा हुने हुँदा निष्कृय कर्जा घटाउन सम्पूर्ण सरोकारवालाहरू लाग्नु पर्ने देखिन्छ । उच्च निष्कृय कर्जा हालकै स्थितिमा यथावत् रहिरहने हो भने सन् २०१० मा विदेशी बैङ्कलाई शाखा खोल्न दिने नीति अनुरुप विदेशी वैङ्कहरुको शाखाले नेपालमा कार्यारम्भ गर्नासाथ वित्तीय संकट देखापर्न सक्छ ।

८१. भारतमा गरिवी निवारणको लागि लघु वित्तलाई प्रमुख उपकरणको रुपमा लिइएको छ । ग्रामीण क्षेत्र तर्फ बैकिंग सुविधाको पहुँच पुऱ्याउने उद्देश्यले गत वर्षकै बजेटमा वाणिज्य बैकहरुले बैकिंग एजेण्ट तथा बैकिंग संवाददाताको व्यवस्था गर्ने व्यवस्था भए बमोजिम भारतीय रिर्जभ बैंकले तत्सम्बन्धी निर्देशन जारी गरिसकेको छ । प्रस्तुत बजेटमा लघु वित्तको प्रर्वद्धन, विकास र नियमनको लागि ऐनको व्यवस्था गर्न लागिएको जानकारी प्राप्त भएको छ । तर नेपालमा हाल सम्म राष्ट्रिय लघु वित्त नीति जारी हुन सकिरहेको छैन । एकातर्फ निर्देशित प्राथमिक क्षेत्र कर्जा कार्यक्रम क्रमशः हटाउदै लगिएको छ भने अर्कोतर्फ यसको कुनैविकल्प तयार पार्न सकिएको छैन । यस परिप्रेक्ष्यमा संस्थागत लघु वित्त व्यवसायको प्रवर्द्धनको साथै वाणिज्य बैंकहरूलाई बजार प्रक्रिया अन्तर्गत नै ग्रामीण क्षेत्रमा आकर्षित गर्ने सम्भावनाको खोजी हुनुपर्ने देखिन्छ ।

८२. लघु वित्तीय क्षेत्रको प्रवर्द्धन, विकास एवं नियमनको लागि विधेयक ल्याउने प्रस्ताव गरिनुको साथै ग्रामीण क्षेत्रमा विभिन्न स्वावलम्बन समूहहरु गठन गरी यस्ता समूहहरुको बैंकिङ्ग क्षेत्रसँग कर्जा सम्बन्ध (Credit link) स्थापना गर्नु एवं वित्तीय संस्थाहरु समेतको संलग्नतामा एउटा समिति गठन गरी उक्त समितिलाई विपन्न र सीमान्त किसानहरुलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउने संयन्त्रको निर्माण गर्ने सुझाव प्रस्तुत गर्न जिम्मेवारी दिने जस्ता प्रस्तावहरु निश्चय नै लघु वित्त सेवालाई गरीबी निवारणको प्रमुख कार्यक्रमको रुपमा अगाडि ल्याउनु पर्ने मान्यता राख्ने हाम्रो जस्तो मुलुकको लागि भविष्यमा अनुकरणीय हुन सक्ने आशा गर्न सकिन्छ ।

८३. भारतीय बजेटमा लगानीकर्ताहरुको आत्मविश्वासको जगेर्ना गर्ने उद्देश्यले लगानीकर्ता संरक्षण कोष (Investor Protection Fund) स्थापना गर्ने प्रस्ताव आउनुले धितोपत्र बजारमा लगानीकर्ताहरुको आत्मविश्वास बढाउन नेपालले समेत केहि सोच्नु पर्ने आवश्यक देखिएको छ ।

८४. भारतीय बजेटले दुरसंचार, सामुदिक, सडक यातायात जस्ता पूर्वाधारहरुको विकासलाई विशेष जोड तथा India Infrastructure Finance Company Limited को निगमन (incorporation) जस्ता कार्यको घोषणा गरेकोले विदेशी लगानीकर्ताहरु भारतमा लगानी गर्न झन आकर्षित हुनेछन् । तर नेपालको परिप्रेक्ष्यमा विद्यमान आन्तरिक द्वन्द्वको कारणले पूर्वाधारहरुको विकासमा सुस्तता आएको छ ।

वाह्य क्षेत्र

८५. यस वर्ष पनि भारतको आर्थिक वृद्धिदर उच्च रहने अनुमानको आधारमा आयात वृद्धि भई चालु खाता घाटा आर्थिक वर्षको अन्त्यसम्ममा अझ विस्तार हुन सक्ने अनुमान गरिएको छ । तथापि, औद्योगिक आयात बढ्दा निर्यातमा तीव्र विस्तार आई बाँकी महिनाहरुमा व्यापार घाटाको वृद्धिदरमा केही कमी आउन सक्ने देखिएको छ ।

८६. भारतलाई कपडा, सवारीसाधन, स्टील, धातु र पेट्रोलियम पदार्थको उत्पादन केन्द्रको रुपमा रुपान्तरण गर्ने उद्देश्यले आर्थिक वर्ष २००६/०७ को भारतीय बजेटमा प्रत्यक्ष बैदेशिक लगानीलाई विशेष महत्व दिइएको छ । सन् २००५ को जनवरी देखि नोभम्बर भित्र भारतमा पुनर्लगानी आय (reinvested earnings) तथा अन्य पूँजीबाहेक करीब ४ अर्व अमेरीकी डलर बराबरको प्रत्यक्ष बैदेशिक लगानी आप्रवाह भएको थियो । बदलिँदो राष्ट्रिय, क्षेत्रीय र विश्वपरिवेशलाई मध्यनजर गरी बैदेशिक लगानी आप्रवाहलाई आकर्षण गर्न विगतको अनुभवलाई आधार बनाएर नेपालले Foreign Investment and Technology Transfer Act 1992 मा परिमार्जन गर्न आवश्यक भएको छ ।

८७. यस बजेटले कपडा तथा पोशाक उद्योगको विकासलाई प्राथमिकता दिदै सफलतापूर्वक कार्यान्वयन भइरहेको Technology Upgradation Fund Scheme को लागि थप बजेटको व्यवस्था गरेको छ । अक्टोबर २००५ देखि शुरु गरिएको Integrated Textiles Parks Scheme अन्तर्गत ७ वटा पार्कहरु स्वीकृत भइसकेका छन् भने अरु १० वटा पार्कहरु विकास गर्नको लागि पहिचान गरिसकिएको छ । नेपालले कपडा उद्योगको विकासको लागि कुनै खास कदम चालेको देखिदैन । देशमा विद्यमान आन्तरिक द्वन्द्व तथा जनवरी १, २००५ देखि विशेष ग्राह्य प्रणाली अन्तर्गतको कोटा प्रणालीको अन्त्य भएको कारण गत वर्ष र चालू आर्थिक वर्षमा तयारी पोशाकको निर्यात व्यापक दरले घटेको छ । तयारी पोशाकको उत्पादन लागत घटाउन वीरगञ्जमा तयारी पोशाक प्रशोधन क्षेत्र स्थापना गर्ने निर्णय भई ५२५ एकड जमिन खरिद गरिएको छ । यो प्रशोधन क्षेत्र चाँडै नै संचालनमा ल्याउन आवश्यक भएको छ । त्यसैगरी, अहिले अमेरिकी संसद्मा १४ वटा अतिकम विकसित मुलुकहरुलाइ भन्सार तथा कोटारहित बजार उपलब्ध गराउने सम्बन्धमा छलफल भइरहेकोले अमेरिकी सरकारसँग लबिङका लागि श्री ५ को सरकारले प्रभावकारी पहल गर्नुपर्ने आवश्यकता छ ।

८८. पर्यटन विकासको लागि बजेटले एकिकृत क्षेत्रीय विकास अवधारणा (integrated area development approach) को आधारमा १५ वटा पर्यटक क्षेत्रको विकास गर्ने, हस्तकला तथा हातेतानमा प्रतिस्पर्धात्मक क्षमता भएका ५० वटा गाउँहरु पहिचान गरी ती गाउँहरुलाई पर्यटकीय दृष्टिकोणले विकास गर्ने तथा ४ वटा नयाँ होटल म्यानेज्मेण्ट इन्सटिच्यूटहरु स्थापना गर्ने घोषणा गरेको छ । नेपालले पनि बैदेशिक मुद्राको प्रमुख स्रोतको रुपमा रहेको पर्यटन क्षेत्रको विकासको लागि भारतको पर्यटन प्रवर्द्धन नीतिबाट केही शिक्षा हासिल गर्न सक्दछ ।

८९. कर प्रणालीलाई आधुनिकीकरण गर्नको लागि भारतले आय कर, भन्सार तथा केन्द्रीय अन्तःशुल्क (income tax, customs and central excise) विभागहरुमा business process reengineering संचालन गर्ने र ती सबै विभागहरुलाई सन् २००६ को अन्त्यसम्ममा पूर्णरुपले computerized गर्ने भएको छ । त्यसैगरी भारतले national databases तयार गर्न राष्ट्रव्यापी संजाल (nationwide network) मार्फत ५१० शहरहरुको ७४५ आय कर कार्यालयहरु र २४५ शहरहरुको ५५० भन्सार तथा केन्द्रीय अन्तशुल्क कार्यालयहरुलाई जोड्ने तथा राष्ट्रिय तथ्यांक केन्द्र (national data center), data warehousing facilities र disaster recovery sites को पनि स्थापना गर्ने भएको छ ।

९०. नेपालले पनि आफ्नो भन्सार व्यवस्थापनलाई सरल, पारदर्शी, मितव्ययी र समयसापेक्ष बनाई बैदेशिक व्यापारलाई सहजीकरण गर्न आर्थिक वर्ष २०६०/६१ (सन् २००३/०४) मा तीन वर्षे भन्सार सुधार तथा आधुनिकीकरण कार्य शुरु गरेको थियो । सो सुधारका योजनाहरुमा मूल्यांकन प्रणालीलाई वैज्ञानिकीकरण गर्ने, भन्सार प्रक्रियालाई सरलीकरण गर्ने, स्वचालित भन्सार तथ्यांक प्रणालीलाई जोड दिने, भौतिक संरचना, स्वच्छन्दता सदाचार जोखिममा आधारित छनोट प्रणालीमा जाँचपास र विज्ञताको विकास गर्ने आदि छन् । यस तर्फ आगामी दिनहरुमा सुधारका प्रयासमा मद्दत पुऱ्याउने उद्देश्यले यस अवधिमा भएका कामको समीक्षा हुनु आवश्यक छ ।

९१. आन्तरिक उद्योगहरुलाई संरक्षण गर्ने क्रममा वनस्पति घ्यूको भन्सार दरलाई ८० प्रतिशत पुऱ्याइएको छ । सन् २००२ मार्च ३ को नेपाल-भारत व्यापार सन्धि अनुसार नेपालले पाँच वर्षका लागि प्रत्येक वर्ष १ लाख टन सम्म वनस्पति घ्यू भारत निर्यात गर्दा भन्सार शुल्क तिर्न पर्दैन । तसर्थ सन् २००७ को मार्चसम्म कोटा अन्तर्गत वनस्पति घ्यू निर्यात गर्दा नेपाललाई केही असर पर्दैन ।

९२. खाद्य प्रशोधन उद्योगबाट कृषि, रोजगारी सृजना र उपभोक्तालाई हुने हितलाई ध्यानमा राखी यसको विकासका लागि सहुलियतपूर्ण ऋणको व्यवस्था, पेकेजीङ मेशीनको आयातमा भन्सार दर कटौती र तयारी खाद्य वस्तुमा लाग्ने अन्तःशुल्कलाई ८ प्रतिशतमा झारिएको छ । यसबाट भारततर्फ निर्यात हुने नेपाली तयारी खाद्यवस्तुको प्रतिस्पर्धात्मक क्षमतामा केही प्रतिकुल असर पर्न सक्दछ ।

९३. गैर कृषि उत्पादनहरुमा लाग्ने भन्सार महसुलको अधिकतम दरलाई ASEAN को स्तरमा ल्याउने क्रममा गत वर्षको बजेटले यस्तो दरलाई २० प्रतिशतबाट १५ प्रतिशतमा झारेको थियो भने यस वर्षको बजेटले यसलाई अझ घटाई १२.५ प्रतिशतमा सीमित पारेको छ । यसबाट अन्य मुलुकहरुबाट हुने आयात केही सस्तो पर्न गई नेपालबाट भारततर्फ हुने निर्यातमा केही असर पर्न सक्छ ।

९४. भारतीय उद्योगहरुको लागत कम गर्नका लागि alloy स्टील, मानवनिर्मित धागो (man-made fibre), रसायन, खनिज लगायत कतिपय औद्योगिक कच्चा पदार्थहरुमा लाग्ने भन्सार महशुललाई कम गरिएको छ । यसले गर्दा भारतमा विभिन्न औद्योगिक

सामानहरु सस्तोमा उत्पादन भई नेपालमा भारतबाट त्यस्ता वस्तुहरुको आयात बढ्न जाने संभावना छ ।

९५. प्लाष्टिकका विविध कच्चा पदार्थहरुमा लाग्ने भन्सार महशूललाई कटौती गरीएको छ । यसबाट भारतमै प्लाष्टिकको उत्पादन वृद्धि हुने भएकोले नेपालबाट भारततर्फ हुने प्लाष्टिकका सामानको निर्यातमा केही कमी आउने संभावना देखिन्छ ।

९६. बजेटले केही अपवाद् सहित सबै आयातित वस्तुहरुमा ४ प्रतिशत प्रतिकारी शुल्क (countervailing duty) लगाउने घोषणा गरेको छ । यसले नेपालबाट भारत तर्फ निकासी हुने वस्तुहरु नेपाल-भारत भन्सार नाकामा रोकिएको भन्ने सुन्नमा आएको भएता पनि नेपाल- भारत वाणिज्य सन्धिले नकारात्मक सूचीमा रहेका तीन वस्तु (मदिरा, चुरोट र अत्तर) वाहेक नेपालबाट निकासी हुने सबै वस्तुलाई भन्साररहित प्रवेश सुविधा दिनेभनिएकोले यसले भारततर्फ हुने निर्यातमा खासै असर पार्ने देखिँदैन ।

९७. विश्व लगानी प्रतिवेदन २००५ (*World Investment Report 2005*) अनुसार भारत बहूराष्ट्रिय कम्पनीहरुको लागि दोस्रो आकर्षक गन्तव्य भएको छ । आर्थिक वर्ष २००६/०७ को भारतीय बजेटले भारतलाई प्रत्यक्ष बैदेशिक लगानीको थप आकर्षक गन्तव्य बनाउनका लागि वित्तीय सुविधाहरुको पनि घोषणा गरेको छ भने गैर कृषि उत्पादनहरुमा लाग्ने भन्सार महशुलको अधिकतम दरलाई पनि घटाएको छ । नेपालमा ०.५ देखि २०० प्रतिशतसम्म (काठ र काठजन्य वस्तुको हकमा) निर्यात शुल्क रहेको तुलनामा भारतमा निर्यात महशुल शून्य रहेको छ । त्यसैगरी नेपालको तुलनामा भारतमा आयात महशुल उच्च रहेतापनि नेपालमा अन्तःशुल्क ४ देखि ३२ प्रतिशत रहेकोमा भारतमा यस्तो शुल्क १ देखि १६ प्रतिशत मात्र रहेको छ । गत वर्षको भारतीय बजेटले भारतको संस्थागत करलाई ३० प्रतिशतमा झारेको थियो जबकी नेपालमा वित्तीय संस्थाबाहेक अन्य संस्थालाई लाग्ने संस्थागत करको दर पहिलाकै २५ प्रतिशतमा रहेको छ । त्यसैगरी भारतले गैर आवासीय भारतीयले भारतमा लगानी गर्दा विशेष सुविधाहरु प्रदान गर्ने व्यवस्था गरेको छ भने नेपालमा यसै वर्ष मात्र गैर आवासीय नेपाली सम्बन्धी अध्यादेश तर्जुमा गरियो । समग्रमा, प्रत्यक्ष बैदेशिक लगानी आकर्षित गर्न नेपालले कमसेकम अरु दक्षिण एशियाली मुलुकहरु, अझ विशेषगरी भारत, ले सरह वित्तीय तथा अन्य सुविधाहरुको व्यवस्था गर्नु जरुरी छ ।

९८. अन्त्यमा, भारतीय बजेटमा घोषणा गरिएका विविध नीतिगत व्यवस्था एवं करका दरहरुको परिमार्जनलाई दृष्टिगत गरी नेपालले पनि आफ्नो बाह्य व्यापारलाई मजबुत बनाउन उपयुक्त कदमहरु चाल्न आवश्यक भएको छ ।

तालिका नं १

भारतीय बजेट २००६/०७ को एक झलक

रकम भा रु. करोडमा

	विवरण	२००४/०५	२००५/०६	२००५/०६	२००६/०७	वृद्धि दर (प्रतिशतमा)	
		यर्थाथ	बजेट अनुमान	सं अनुमान	बजेट अनुमान	२००३/०४	२००४/०५
१	**आयगत राजश्व (Revenue Receipt)**	**३०६,०१३**	**३५१,२००**	**३४८,४७४**	**४०३,४६५**	**१३.९**	**१४.९**
२	कर राजश्व (Tax Revenue)	२२४,७९८	२७३,४६६	२७४,१३९	३२७,२०५	२१.९	१९.७
३	गैर कर राजश्व (Non Tax Revenue)	८१,२१५	७७,७३४	७४,३३५	७६,२६०	-८.५	-१.९
४	**पूँजिगत राजश्व (Capital Receipts) (५+६+७)**	**१९१,६६९**	**१६३,१४४**	**१६०,२३१**	**१६०,५२६**	**-१६.४**	**-१.६**
५	साँवा फिर्ता (Recoveries of Loan)	६२,०४३	१२,०००	११,७००	८,०००	-८१.१	-३३.३
६	अन्य आय (Other receipts)	४,४२४	०	२,३५६	३,८४०	-४६.७	-
७	सापटी तथा अन्य दायित्व (Borrowings and other credits)	१२५,२०२	१५१,१४४	१४६,१७५	१४८,६८६	१६.८	-१.६
८	**कूल साधन (Total receipts) (१+४)**	**४९७,६८२**	**५१४,३४४**	**५०८,७०५**	**५६३,९९१**	**२.२**	**९.७**
९	**साधारण खर्च (Non plan expernditure)**	**३६५,४०६**	**३७०,८४७**	**३६४,९१४**	**३९१,२६३**	**-०.१**	**५.५**
१०	आयगत खर्चमा (On Revenue Account of which)	२९६,८५७	३३०,५३०	३२६,१४२	३४४,४३०	९.९	४.२
११	व्याज भुक्तानी (Interest Payments)	१२६,९३४	१३३,९४५	१३०,०३२	१३९,८२३	२.४	४.४
१२	पूँजिगत खर्चमा (On capital accounts)	६८,५४९	४०,३१७	३८,७७२	४६,८३३	-४३.४	१६.२
१३	**विकास खर्च (Plan Expenditure)**	**१३२,२७६**	**१४३,४९७**	**१४३,७९१**	**१७२,७२८**	**८.७**	**२०.४**
१४	आयगत खर्चमा (On Revenue Account)	८७,४९५	११५,९८२	११४,१५३	१४३,७६२	३०.५	२४.०
१५	पूँजिगत खर्चमा (On capital accounts)	४४,७८१	२७,५१५	२९,६३८	२८,९६६	-३३.८	५.३
१६	**कूल खर्च (Total expenditure) (९+१३)**	**४९७,६८२**	**५१४,३४४**	**५०८,७०५**	**५६३,९९१**	**२.२**	**९.७**
१७	आयगत खर्चमा (On Revenue Account)	३८४,३५१	४४६,५१२	४४०,२९५	४८८,१९२	१४.६	९.३
१८	पूँजिगत खर्चमा (On capital accounts)	११३,३३१	६७,८३२	६८,४१०	७५,७९९	-३९.६	११.७
१९	**राजश्व घाटा (Revenue Deficit) (१७ - १)**	**७८,३३८**	**९५,३१२**	**९१,८२१**	**८४,७२७**	**१७.२**	**-११.१**
२०	**वित्तीय घाटा (Fiscal Deficit) (१६-(१+५+६))**	**१२५,२०२**	**१५१,१४४**	**१४६,१७५**	**१४८,६८६**	**१६.८**	**-१.६**
२१	**प्रथमिक घाटा (Primary Deficit) (२०-११)**	**-१,७३२**	**१७,१९९**	**१६,९४३**	**८,८६३**	**-१,०३२.०**	**-४८.५**

तालिका नं २

कुल गार्हस्थ उत्पादनसँगको अनुपात

विवरण	भारत			नेपाल		
	२००४/०५	२००५/०६	२००६/०७*	२००३/०४	२००४/०५	२००५/०६*
कर राजश्व (Tax Revenue)	१०.८	१०.९	११.१	१०.५	११.०	११.८
कूल खर्च (Total expenditure)	१७.५	१५.९	१५.५	१९.५	२०.५	२३.४
साधारण खर्च (Non plan expernditure)	१२.८	११.४	१०.८	१४.४	१५.४	१६.६
विकास खर्च (Plan Expenditure)	४.७	४.५	४.८	५.०	५.१	६.९
राजश्व घाटा (Revenue Deficit)	२.८	२.९	२.३	४.०	४.४	४.८
वित्तीय घाटा (Fiscal Deficit)	४.४	४.६	४.१	६.५	७.३	८.२
प्रथमिक घाटा (Primary Deficit)	-०.१	०.५	०.२	५.१	६.०	६.८

* अनुमानित

GDP at producer price भा रु अर्वमा	३१,३००.०	३५,३००.०	४०,०००.०	३१०.४३८	३३३.५	३६६.८७५
GDP at producer price रु अर्वमा	५०,०८०.०	५६,४८०.०	६४,०००.०	४९६.७	५३३.६	५८७.०

	भारत	नेपाल
कर राजश्व	११.१	११.८
कूल खर्च	१५.५	२३.४
साधारण खर्च	१०.८	१६.६
विकास खर्च	४.८	६.९
राजश्व घाटा	२.३	४.८
वित्तीय घाटा	४.१	८.२
प्रथमिक घाटा	०.२	६.८

चार्ट नं ४

यस आर्थिक वर्षको नेपाल र भारतका केही आर्थिक सूचकाङ्कहरुको तुलना



तालिका नं ३

भारतको बाह्य क्षेत्रका केही परिसूचकहरु

परिसूचक	२०००/०१	२००१/०२	२००२/०३	२००३/०४	२००४/०५
	(अमेरिकी डलर करोडमा)				
निर्यात	४५४५.२	४४७०.३	५३७७.४	६६२८.५	८२१५.०
आयात	५७९१.२	५६२७.७	६४४६.४	८०००.३	११८७७.९
व्यापार घाटा	१२४६.०	११५७.४	१०६९.०	१३७१.८	३६६२.९
चालु खाता सन्तुलन	-२६६.६	३४०.०	६३४.५	१४०८.३	-५४०.०
समग्र शोधनान्तर स्थिति	५८६.८	११७५.७	१६९८.५	३१४२.१	२६१५.९
विदेशी विनिमय संचिति	३९५५.४	५१०४.९	७१८९.०	१०७४४.८	१३५५७.१
	(कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)*				
निर्यात	१०.८	१०.२	११.५	१२.०	१३.०
आयात	१३.७	१२.८	१३.८	१४.५	१८.८
व्यापार घाटा	२.९	२.६	२.३	२.५	५.८
चालु खाता सन्तुलन	-०.६	०.८	१.४	२.५	-०.९
समग्र शोधनान्तर स्थिति	१.४	२.७	३.६	५.७	४.१
विदेशी विनिमय संचिति	९.४	११.६	१५.४	१९.४	२१.४

स्रोत : भारतको आर्थिक सर्वेक्षण २००५-०६ ।

* कुल गार्हस्थ्य उत्पादन साधनको लागत मूल्यमा

नेपालको बाह्य क्षेत्रका केही परिसूचकहरु

परिसूचक	२०००/०१	२००१/०२	२००२/०३	२००३/०४	२००४/०५
	(अमेरिकी डलर करोडमा)				
निर्यात	७५.४	६१.१	६४.२	७३.१	८१.५
आयात	१५६.७	१३९.७	१५९.९	१८४.७	२०७.४
व्यापार घाटा	८१.३	७८.६	९५.७	१११.६	१२६.०
चालु खाता सन्तुलन	२७.३	२३.६	१४.९	१९.८	२०.०
समग्र शोधनान्तर स्थिति	७.१	-४.३	५.६	२१.७	८.०
विदेशी विनिमय संचिति	१४०.३	१३५.३	१४४.२	१७४.९	१८३.९
	(कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)*				
निर्यात	१४.६	११.९	११.८	११.७	११.९
आयात	३०.३	२७.३	२९.४	२९.६	३०.४
व्यापार घाटा	१५.७	१५.४	१७.६	१७.९	१८.५
चालु खाता सन्तुलन	५.३	४.६	२.७	३.२	२.९
समग्र शोधनान्तर स्थिति	१.४	-०.८	१.०	३.५	१.२
विदेशी विनिमय संचिति	२७.१	२६.४	२६.५	२८.१	२६.९

स्रोत : नेपाल राष्ट्र बैंक ।

* कुल गार्हस्थ्य उत्पादन साधनको लागत मूल्यमा

तालिका नं. ४

भारतीय बजेटको भन्सार र अन्तशुल्क महसूल समायोजनबाट

नेपालको उपभोक्ता मुद्रास्फीतिमा पर्नसक्ने सम्भाव्य प्रभाव

क्र.सं.	वस्तुको नाम	CPI मा भार (प्रतिशतमा)	पहिलेको दर	कायम भएको दर	मूल्य सूचकाङ्कमा असर(प्रतिशतमा)
भन्सार दर तर्फ					
१.	कच्चा तेल (प्रतिटन रु.मा)	-	१८००।-	२५००।-	
२.	स्टीलपाता तथा फलाम बाहेकका धातुहरु		१०%	७.५%	
३.	खानीजन्य वस्तुहरु		१५%	५%	
४.	प्लाष्टिक (घटेको)			२%	
५.	Writing Instruments	१.१	१५%	५%	-०.१०
६.	टेक्सटाइल्सका कच्चा सामाग्रीहरु	५.७२	१५%	१०%	-०.२५
७.	पैकेजिङ मेसिन		१५%	५%	
८.	Crude Glycerine (Related to Health Care)		३०%	१२.५%	
९.	मार्वल, ग्रेनाइट, सिमेन्ट		१५%	१२.५%	
१०.	पेट्रोलियम कच्चा सामाग्री		१०%	५%	
११.	प्राकृतिक मह		३०%	६०%	
१२.	नाप्था		१०%	५%	
१३.	मानव निर्मित फिलामेन्ट यार्न		१५%	१०%	
१४.	टेक्सटाइल मेसिनरी तथा पार्टस्		१५%	१०%	
अन्तशुल्क तर्फ					
१५.	कन्डेन्स मिल्क	०.२६	१६%	०%	-०.०४
१६.	तयारी माछा, मासु तथा कुखुराजन्य उत्पादन		८%	०%	
१७.	बिस्कुट		०%	८%	
१८.	Ready to eat packaged food		१६%	८%	
१९.	सूर्तीजन्य वस्तु	०.०८	-	५%(थप)	०.००
२०.	सल्फर (BY Products)		०%	१६%	
२१.	प्लाइउड		०%	१६%	
२२.	टेक्सटाइल्स (मानव निर्मित फिलामेन्ट यार्न तथा फेब्रिक्स		१६%	८%	
२३.	छाता	०.०१	०%	१६%	०.००
२४.	मोजाइक टायल्स		८%	१६%	
२५.	टेवल वेयर, किचन वेयर ग्लास		८%	१६%	
२६.	स्टेन्लेस स्टिल पत्ती, पत्ता (प्रति कोल्ड रोलिङ रु.)		१५०००।-	३००००।-	
२७.	ग्याँस स्टोभ	०.३	-	८%	०.०२
२८.	कम्प्याक्ट फ्लोरिसेन्ट ल्याम्प	०.१	१६%	८%	-०.०१
२९.	एमपी थ्री प्लेयर	०.०२	१६%	८%	०.००
	जम्मा	७.५९			-०.३६

*उपभोक्ता मूल्य सूचकाङ्कको वस्तु डालोमा कूल १८.७४ प्रतिशत भार ओगटेका आयातित वस्तुहरुमध्ये भारतीय यूनियन बजेटबाट भन्सार दर तथा अन्तशुल्कमा भएका परिवर्तनका कारण मूल्यमा असर पर्ने वस्तुहरुको भार ७.५९ प्रतिशत रहेको र ती वस्तुहरुको भन्सार दर र अन्तशुल्कमा आएको प्रतिशत परिवर्तन एवं भारको आधारमा गणना गर्दा वार्षिक **०.३६** प्रतिशतले मुद्रास्फीतिमा सकारात्मक प्रभाव पर्ने देखिन्छ । पछिल्लो चार महिनामा त्यो प्रभाव कायम रहने आधारमा यस आ.व. को मुद्रास्फीतिमा उक्त बजेटका कारण करिब **०.१२** प्रतिशतले सकारात्मक असर (मुद्रास्फीति दरमा ह्रास) आउने अनुमान गरिएको छ ।तर अन्त:शुल्क परिवर्तनको मुद्रास्फीति प्रभाव नेपालको भन्सार दर र भारतीय अन्त:शुल्क फिर्ताको खुद समायोजनमा भर पर्दछ ।*

तालिका नं. ५

नेपाल र भारतका बीच करका दरहरुको तुलनात्मक स्थिति

नेपाल (आर्थिक वर्ष २००५/०६)		भारत (आर्थिक वर्ष २००६/०७)	
१. पैठारी महसुल (प्रतिशतमा)	५, १०, १५, २५, ३५, ४०, ८०*	पैठारी महसुल	५, १०, १२.५, २५, ३० ४०, ५०, ६०, ७०, १००, १०५, १८२
२. निकासी महसुल (प्रतिशतमा)	०.५, १, ८, ७०, २००	निकासी महसुल	छैन
३. अन्तःशुल्क (प्रतिशतमा)	४, १५ ३२	अन्तःशुल्क	१, ८, १६, २६, ३४
४. मूल्य अभिवृद्धि कर (प्रतिशतमा)	१३	मूल्य अभिवृद्धि कर	१२.५
५. आयकर		आयकर	
(क) आयकर नलाग्ने हद		आयकर नलाग्ने हद	रु १६०,०००।-
(१) व्यक्तिको लागि	रु.१००,०००।-	(ख) आयकरको दर	
(२) दम्पत्ति वा परिवारको लागि	रु. १,२५,०००।-	(१) पहिलो रु १६०,०००।- देखि रु २४०,०००।- सम्म	१० प्रतिशत
(ख) आयकरको दर		(२) रु २४०,०००।- देखि रु. ४००,०००।- सम्म	२० प्रतिशत
(१) पहिलो रु ७५,०००।- मा	१५ प्रतिशत	(३) रु. ४००,०००।- देखि माथि	३० प्रतिशत
(२) त्यसपछिको बाँकी रकममा	२५+१.५ प्रतिशत	संस्थागत कर	
संस्थागत कर		(क) स्वदेशी संस्थाहरु	
(क) कर्पोरेट खुद आयमा समदरले		कर योग्य आय रु. १६ लाख ननाघेमा	३० प्रतिशत
(१) बैंक, वित्तीय कम्पनी लगायत वित्तीय संस्थाहरु	३० प्रतिशत	कर योग्य आय रु. १६ लाख नाघेमा	३३ प्रतिशत
(२) अन्य	२५ प्रतिशत	(ख) विदेशी संस्थाहरु	लाभांश तथा व्याज आम्दानीमा २० प्रतिशत, रोयल्टी र प्राविधिक सेवामा ३० प्रतिशत तथा अन्य आयमा ५५ प्रतिशत
(ख) साझेदारी फर्म	२५ प्रतिशत		
६. चिठ्ठा, उपहार, पुरस्कार, जितौरी	२५ प्रतिशत	कर योग्य उपहार रु. ४८ हजार भन्दाको माथी भए	३० प्रतिशत

* नेपालमा विभिन्न मोडेलका गाडीहरु तथा हातहतियारको आयातमा उच्चतम ८० प्रतिशत भन्सार शुल्क लग्दछ भने भारतमा २ लिटरको रम तथा अन्य केही पेय पदार्थमा उच्चतम १८२ प्रतिशत भन्सार महसूल लाग्दछ ।

तालिका नं. ६

नेपाल र भारतको करको संरचना

	नेपाल	भारत
१. व्यक्तिगत आयकरका दरको संख्या	२	३
२. व्यक्तिगत आयकरको उच्चतम दर	२५	३०
३. संस्थागत आयकरको दर	३०	३३
४. कर/कुल गार्हस्थ्य उत्पादन अनुपात	१३.१*	९.९**
५ कर-गैर कर राजश्वको अनुपात	७६.४:२३.६*	७३.५:२६.५**

* आर्थिक वर्ष २००४/०५ ** आर्थिक वर्ष २००५/०६